का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ४९
❒ ९ चैत्र २०७६, आइतबार
❒ 22 March 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक




# एक ठाउँ उभिए दलहरू

**कोरोनाको संक्रमण नदेखिए पनि जोखिम बढेको अवस्थामा राजनीतिक दलहरूले कोरोनाविरूद्ध एकजुट भएर लड्ने सन्देश दिएका छन् ।**

**पंकज धामी/मध्यान्ह**
काठमाडौं, ८ चैत

विश्वभरी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड–१९) विरुद्ध राजनीतिक दलहरुले एक भएर लड्नुपर्ने सन्देश दिएका छन् । नेपालमा कोरोनाको संक्रमण नदेखिएपनि जोखिम बढेको अवस्थामा राजनीतिक दलहरुले कोरोनाविरुद्ध एकजुट भएर लड्ने सन्देश दिएका हुन् । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी नेकपाले (कोभिड–१९) विरुद्ध लड्न सबैलाई एकतावद्ध हुन अपिल गरेको छ। कोरोना विरुद्ध लड्न सिंगो राष्ट्र एकतावद्ध भएर सरकारी निर्णयको कार्यान्वयनमा सहयोग गर्न नेकपाले अपिल गरेको हो ।

नेपालमा अहिलेसम्म कोरोनाको संक्रमण नदेखिएपनि जोखिमबाट भने मुक्त नरहेको नेकपाले जनाएको छ । नेकपाले आफ्ना सम्पूर्ण भातृ संगठनहरुलाई हजारौंको संख्यामा स्वयमसेवक तयार गर्न निर्देशन दिएको जनाएको छ। नेकपा प्रवक्ता नारायणकाजी श्रेष्ठले जनचेतना विस्तारका लागि पार्टीले युवा, विद्यार्थी र चिकित्सक संगठनहरुलाई हजारौंको संख्यामा स्वयम सेवक तयार गर्न निर्देशन दिएको बताए ।

सरकार, राजनीतिक पार्टी, नागरिक समाज, सामाजिक संघ संस्था र नागरिक सबैलाई एकतावद्ध भएर जोखिमबाट देशलाई बचाउन आग्रह गर्दै प्रवक्ता श्रेष्ठले कोरोना विरुद्ध लड्ने सरकारलाई आवश्यक निर्णयका लागि पार्टीले सुझाव दिएको र सरकारले गरेका निर्णयहरु कार्यान्वयनका लागि सहजिकरण गरिरहेको बताएका छन् ।

यता प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संकटको समयमा सत्तापक्ष र विपक्ष नहुने भन्दै कोरोना विरुद्ध एक भएर लड्ने प्रतिवद्धता जनाएको छ। सरकारले अघि सारेका रणनीतिहरु कार्यान्वयनका लागि तयार रहेको जनाउँदै कांग्रेसले पार्टीको सदस्यता वितरणको कार्यक्रम पनि रोकेको छ । प्रवक्ता विश्व प्रकाश शर्माले कोरोना विरुद्धको लडाई नेपाली कांग्रेस सरकारको साथमा रहेको बताए ।

उनले भने, 'संकटको घडी सत्तापक्ष र विपक्ष भन्ने हुँदैन् । कोभिड–१९ विरुद्धको लडाईमा हामी सरकारसँगै छौं। तर सरकारका कमजोरीहरु सच्याउन दबाव दिन्छौं।' सरकारले कोभिड–१९ विरुद्ध लड्ने रणनीतिहरुको पालना गर्ने प्रतिवद्धता जनाउँदै शर्माले अहिलेको अवस्थामा एकजुट भएर अगाडी बढ्नुको विकल्प नभएको बताए । पार्टीको क्रियाशिल सदस्यता वितरण र नविकरणका कामहरु समेत स्थगित गरिएको उनले बताए ।

'सांगठनिक कार्यक्रमहरु फागुन दोस्रो हप्ताबाट नै हामीले बन्द गरेका थियौं। चैत मसान्तसम्म क्रियाशिल सदस्यता वितरण र नविकरणका कामहरु पनि स्थगित भएका छन्', उनले भने । आइतबारबाट नेपाली कांग्रेसको क्रियाशिल सदस्यता वितरणको काम चैत मसान्तसम्म स्थगित भएको हो। शर्माले कोरोना विरुद्धको सचेतना अभियानमा सक्रियताका साथ लाग्ने प्रतिवद्धताका साथ पार्टीको केन्द्रीय कार्यालय भने खुला रहने बताए ।



## सांसद्हरूको भेला

कोरोना भाइरस (कोभिड–१९) को जोखिम बढेपछि उपत्यका सांसदहरुले सरकारी रणनीतिहरु कार्यान्वयनका लागि अपिल गरेका छन् । शनिबार राजधानीमा भेला भएका काठमाडौं, ललितपुर र भक्तपुरका सांसदहरुले भाइरसको जोखिमबाट बच्न सरकारले गरेका विषयहरुको कार्यान्वयनका लागि सबैमा अपिल गरेका हुन् ।

राजधानीको मण्डिखाटारमा एक सांसदको घरमा भेला भएका संघीय संसदका सांसदहरुले उच्च सतर्ककता अपनाउन र कोरोना भाइरस नियन्त्रणका लागि सरकारले अघि सारेका रणनीतिहरु पूर्णय रुपमा कार्यान्वयन गर्न आग्रह गरे। सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का वरिष्ठ नेता माधवकुमार नेपालले कोरोना भाइरसबाट पर्न सक्ने खतरा, सरकारले चालेका कदमहरुका विषयमा बैठकमा छलफल भएको बताए ।

कोरोनाको जोखिम बढेको सन्दर्भमा जनतामा जगाउनुपर्ने जनचेतना र भाइरसको संक्रमण भएमा नियन्त्रण गर्न अपनाउनुपर्ने विषयमा पनि बैठकमा सांसदहरुबीच छलफल भएको उनले बताए। नेता नेपालले सरकारले लागू गरेका विषयहरुको कार्यान्वयन गर्न स्थानीय जनप्रतिनिधिहरुलाई परिचालन गर्नुपर्नेमा जोड दिए । 'कोभिड १९ कोरोना भाइरसको बारेमा र यसको असरका बारेमा सरकारले चालेका कदमहरुको बारेमा, जनतामा जगाउनुपर्ने जनचेतनाको बारेमा र यसलाई रोकथाम गर्ने उपायको बारेमा, रोग लागिसकेपछि बाँकी पृष्ठ २ मा

# कोरोना महामारी

संक्रमित देश
१८६

निको भएको
९३,५८४

संक्रमित संख्या
२,८६,३८४

बिरामी संख्या
१,८०,९१६

मृत्यु
११,८८४

गम्भीर बिरामी
८,११२



| देश | संक्रमित | मृत्यु | निको भएको | गम्भीर बिरामी |
|---|---|---|---|---|
| चीन | ८१,००८ | ३,२५५ | ७१,७४० | १,९२७ |
| इटाली | ४७,०२१ | ४,०३२ | ५,१२९ | २,६५५ |
| स्पेन | २४,९२६ | १,३२६ | २,१२५ | ९३९ |
| जर्मनी | २१,२९३ | ७३ | २०९ | २ |
| इरान | २०,६१० | १,५५६ | ७,६३५ | |
| अमेरिका | १९,७७७ | २७६ | १४७ | ६४ |
| फ्रान्स | १२,६१२ | ४५० | १,५८७ | १,२८७ |

# सुरक्षा निकाय उच्च सतर्क !

**कोरोना भाइरसबाट १८६ देशका झण्डै तीन लाख मानिस संक्रमित भएका छन् भने शनिबार एकै दिन दुई हजारको हाराहारीमा मृत्यु भएको छ । नेपाल सरकारले पनि सतर्कता उच्च बनाएका बेला तीन वटै सुरक्षा निकायले आफ्नो तयारी तीव्र बनाएका छन् ।**

**लक्ष्मी रिजाल/मध्यान्ह**
काठमाडौं, ८ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधन मार्फत् कोरोना भाइरसको संक्रमणबाट जोगिन उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् । शुक्रबार प्रधानमन्त्री ओलीले चैत १० गतेदेखि लामो दुरीको यातायात तथा अन्तर्राष्ट्रिय हवाई उडान बन्द गर्न निर्देशन दिए । अत्यावश्यक बाहेकका कार्यालय समेत बन्द गर्न आग्रह गरेकाले मुलुक लगभग 'सेमि लकडाउन'मा गइसकेको छ।

यस्तो बेला नेपालमा तीनै तहका सुरक्षा निकाय उच्च सतर्कताका साथ तयारीमा जुटेका छन् । सीमा जोडिएका देश चीन र भारतमासमेत संक्रमण फैलिएका बेला नेपालमा रोगको प्रवेश हुन नदिन र प्रवेश भइहाले तत्कालै काम गर्न सक्ने गरी सुरक्षा निकायले एकल तथा संयुक्त प्रयासमा आइसोलेसन वार्ड, क्वारेन्टाइन भवन बनाउनेदेखि हेल्थ डेस्क स्थापना गर्ने र सीमाक्षेत्रको निगरानी गरिरहेका छन् ।

नेपाल प्रहरीले अहिले १३ हजार भन्दा बढी जनशक्ति कोभिड-१९ कै लागि प्रशिक्षण दिएर तयारीमा राखेको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक शैलेश थापा क्षेत्रीले जानकारी बताए । "आवश्यक पर्दा जनशक्ति जुनसुकै



बेला 'मुभ' हुनेछन्, त्यसमा प्रहरीले पूर्ण तयारी गरेको छ" प्रवक्ता क्षेत्रीले भने । उनले जिल्ला र केन्द्रमा कोरोनासम्बन्धी हेल्थ डेस्क स्थापना गरिएको जानकारी दिए । प्रहरीको २ नं गणमा ५० श्ययाको क्वारेन्टाइन भवन र नेपाल प्रहरी अस्पतालमा २० श्ययाको आइसोलेसन वार्ड तयार पारिएको जानकारी दिए ।

शुक्रबार भिडियो कन्फ्रेन्समार्फत सातै प्रदेशमा उच्च सतर्कता अपनाउन निर्देशन दिइसकेको उहाँले जानकारी दिए। सीमाक्षेत्रमा समेत कतिपय ठाउँमा प्रहरीले आफ्नै तरिकाले हेल्थ डेस्क स्थापना गरेको र कतिपय स्थानमा सशस्त्र प्रहरीसँगको समन्वयमा डेस्क स्थापना गरेर निगरानी भइरहेको छ । कतिपय स्थानमा स्वास्थ्य संस्थासँग समन्वय गरेर डेस्क स्थापना गरिएको छ । दिपायल, नेपालगञ्ज र सप्तरीमा रहेको प्रहरी अस्पताल पनि आवश्यक तयारीका साथ बसेको उनले बताए ।

सशस्त्र प्रहरी बल नेपाल पनि आवश्यक तयारी जुटेको छ। नेपालमा कोरोनाको सङ्क्रमण नभए पनि सम्भावित जोखिम रोक्न र रोग भित्रिएमा तत्काल परिचालन हुने गरी सशस्त्र प्रहरीले तयारी गरेको प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक प्रविनकुमार श्रेष्ठले जानकारी दिए । आवश्यक परेको खण्डमा एक हजार व्यक्तिलाई उपचार गर्न सक्ने गरी क्षेत्र छुट्याएर आइसोलेसन र क्वारेन्टाइनका लागि आवश्यक तयारी थालिएको उनले जानकारी दिए ।

नेपाल प्रहरी तथा विभिन्न स्वास्थ्य संस्थासँगको समन्वयमा सीमाक्षेत्र र मानिसको आवतजावत गर्ने क्षेत्रमा सशस्त्र प्रहरी परिचालन गरिएको छ । सीमा आसपास १४२ स्थानमा हेल्थ डेस्कमार्फत सेवा दिइरहेको श्रेष्ठले जानकारी दिनुभयो ।

**सेनाको तयारी**

नेपाली सेना पनि संयुक्त र आफ्नै प्रयासमा कोरोना रोकथाम तथा नियन्त्रणका लागि उच्च तयारीका साथ काम गरिरहेको छ। सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेका अनुसार केन्द्रमा केही दिनअघि मात्रै सीमित स्रोत साधनका बीच कसरी काम गर्न सकिन्छ भनेर पूर्वाभ्यास नै गरिएको थियो । काठमाडौंमा ५४ टेन्ट बनाएर सफल अभ्यास गरिएको थियो । नेपालगञ्ज, इटहरी र पोखरामा रहेको क्षेत्रीय अस्पतालले समेत आफ्नो आवश्यक तयारी गरेर सेना बसेको छ ।

सातै प्रदेशका पृतनामा रहेका साना अस्पतालले प्रदेश सरकारसँग मिलेर आइसोलेसन र क्वारेन्टाइन बनाएको उनले बताए। पूर्वी पृतनाले प्रदेश सरकारसँग मिलेर मोरङ, झापा, उदयपुरमा झण्डै ४०० श्ययाको छुट्टै क्याम्प (आइसोलेसन वार्ड) बनाइसकेको प्रवक्ता पाण्डेले जानकारी दिए ।

अन्य पृतनाले पनि आवश्यक तयारी गरिरहेको छ । केन्द्रबाट पठाउने स्रोत बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगारमा कोरोना प्रभाव

# भिसा रद्द गर्दै, कामदार फर्काउँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ चैत

कोरोना भाइरस (कोभिड-१९) का कारण अन्तर्राष्टिय आवागमनमा अवरोध आएपछि यूएई र बहराइनका केही प्रतिष्ठित होटलहरूले भिसा रद्द गरी कामदारहरूलाई स्वदेश फर्काउन थालेका छन् ।

शनिबारसम्म जब्स ग्लोबल डटकम प्रालिलगायत चार म्यानपावर कम्पनीमार्फत गएका कामदारको भिसा रद्द गरी नेपाल फर्काउन थालिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजितकुमार श्रेष्ठले जानकारी दिए ।

हालसम्म दुबईको मिलेनियम यएरपोर्ट होटल, ग्राण्ड कस्मोपालिटन इन्टरकन्टिनेन्टल होटलले कोरोनाको पूर्ण रोकथाम नभएसम्मका लागि होटल बन्द गर्ने निर्णय गरेका छन् । बन्द भएका यी होटलले नेपाली फिर्ता पठाउने भन्दै वैदेशिक रोजगार व्यवसायीहरूलाई इमेल पठाएको महासचिव श्रेष्ठले जानकारी दिए । यसो भएमा करिब ३ सय नेपाली स्वदेश फर्काइने छन् ।

महासचिव श्रेष्ठले शनिबारसम्म आएका खबरले समस्या निम्तिने संकेत दिएको बताए । फर्काइएका कामदारको उद्दारबारे वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजनप्रसाद श्रेष्ठसँग छलफल गर्ने योजना बनाएको जानकारी उनले दिए ।

महासचिव श्रेष्ठले अन्य धेरै म्यानपावर कम्पनीले पठाएका कामदारहरू पनि विदेशबाट भिसा रद्द गरी नेपाल फर्काइन सक्ने भएकाले त्यसबारे जानकारी दिन आग्रह गरे ।

तत्काल फर्काउनु पर्ने कामदारहरूको संख्यालगायतका अन्य विवरण तयार भएमा गृहकार्य गर्न संघ तथा बोर्ड दुवैलाई सहज हुने उनको भनाइ छ ।

नेपाल सरकारको नियम अनुसार नेपाली कामदार दुईवर्षको करार तथा भिसा लिएर वैदेशिक रोजगारीमा जाने गरेका छन् ।

कोरोनाका कारण वैदेशिक रोजगारीबाट घर फर्कने कामदारले करार अनुसारको तलबलगायत सुविधा पाउने/नपाउने भन्नेबारे यकिन भइसकेको छैन । करार अवधिमा काम नपाएमा नेपालका म्यानपावर कम्पनीलाई करार अनुसारको तलब दिलाइदिन जिम्मेवार ठहऱ्याउने गरिएको छ।

नेपाली कामदारको आकर्षक र मुख्य रोजगार गन्तव्य यूएईमा कोरोना फैलँदो क्रममा छ । हालसम्म त्यहाँका १ सय ४० जनामा संक्रमण देखिएको छ भने संक्रमणबाट २ जनाको मृत्यु भइसकेको छ । बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## श्रम मन्त्रालयद्वारा कोरोना व्यवस्थापन समिति गठन

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहालको संयोजकत्वमा कोरोना भाइरस (कोभिड-१९) रोगबाट उत्पन्न विपद् व्यवस्थापन समिति गठन गरेको छ। मन्त्रालयको चैत ६ गतेको सचिवस्तरीय निर्णयद्वारा गठित समितिलाई कोरोनाबाट वैदेशिक रोजगारीमा सिर्जना हुने समस्या समन्वयात्मक तवरबाट सम्बोधन गर्न जिम्मेवारी तोकिएको छ ।

विभागका महानिर्देशक दाहाल संयोजक रहेको समितिमा वैदेशिक रोजगार वोर्डका कार्यकारी निर्देशक, मन्त्रालयका सूचना अधिकारी, राष्ट्रिय मानव अधिकार आयोग , परराष्ट्र मन्त्रालय , गैरआवासीय नेपाल संघ तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका दुई जना प्रतिनिधि राखिएको छ । बोर्डका कार्यकारी निर्देशक समितिका सदस्य सचिव तोकिएका छन् । संघले अध्यक्ष विष्णुप्रसाद गैरे र महासचिव सुजित श्रेष्ठलाई समितिमा पठाउने निर्णय गरेको छ ।

**व्यवसायी एकता समितिद्वारा रक्तदान कार्यक्रम**
**समाचार पृष्ठ २ मा**

# विदेशबाट आएका ६२ नेपालीलाई क्वारेन्टाइनमा पुऱ्याइयो

**काठमाडौं/मस-** विभिन्न देशबाट शनिबार नेपाल फर्किएका ६२ नेपालीलाई भक्तपुरको खरिपाटीस्थित क्वारेन्टाइनमा ल्याइएको छ । विश्वभर कोरोना भाइरसको महामारी फैलिएपछि दुबई, कतारलगायतका विभिन्न देशबाट ६२ नेपाली स्वदेश फर्किएका हुन् ।

शनिबार थाई एयरवेजबाट ४९ र एयर इण्डियाबाट १३ जनालाई नेपाल फर्काइएको हो । स्वदेश फर्काइएका उनीहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै भक्तपुरको खरिपाटीस्थित क्वारेन्टाइनमा पठाएको थियो । छयहत्तर वर्षीया एक वृद्धासहित पाँच महिला र ५७ जना पुरुषलाई क्वारेन्टाइनमा राखिएको छ ।



Photo : RSS

विमानस्थलमा ज्वरो नापिएको उनीहरुको क्वारेन्टाइनमा पनि ल्याएर ज्वरो परीक्षण गरिएको नेपाली सेना बीरदल गणका गणपति कर्णेल शिवप्रसाद पौडेलले जानकारी दिए । क्वारेन्टाइनमा दुई जना चिकित्सकसहित नर्स र अन्य स्वास्थ्यकर्मी गरी पाँच जना सेवामा खटिएको र एउटा एम्बुलेन्स तथा एम्बुलेन्स चालक तयारी अवस्थामा राखिएको छ । स्वाब भने भोलि संकलन गरिनेछ ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सविन प्रधानले विमानस्थलबाट उनीहरुलाई बसमा राखेर स्कटिङ गर्दै सुरक्षित रुपमा पौने ६ बजे क्वारेन्टाइन पुऱ्याएको जानकारी दिए । उनीहरुलाई कम्तीमा १४ दिन क्वारेन्टाइनमा राखिने भएको छ भने त्यसबीचमा कोरोना भाइरस संक्रमण पोजेटिभ भए उपचारका लागि शदीद शुक्रराज ट्रपिकल सरुवा रोग नियन्त्रण अस्पताल टेकु काठमाडौं लैजाने भएको छ ।

स्वेच्छाले देश फर्किएका उनीहरु क्वारेन्टाइनमा रहँदाको खर्च आफैँले गर्नेछन् । नेपाल विद्युत प्राधिकरणको चमेनागृहमा खाना बनाएर प्याकिङ गरी उनीहरुलाई पठाइएको र क्वारेन्टाइनमा विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसारको सबै व्यवस्थापन मिलाइएको छ । क्वारेन्टाइनमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त सुरक्षा दस्ताले सुरक्षा दिएको छ ।

कोरोना भाइरसको जोखिमलाई मध्यनजर गर्दै सरकारले लगाएको अस्थायी प्रतिबन्धलाई उल्लङ्घन गर्दै दुबई, कतारलगायतका देशहरुमा रहेका नेपालीहरु अन्यत्र ट्रान्जिट बनाएर नेपाल आएको बताइएको छ । सरकारले गत बुधबार युरोपका सबै मुलुक, पश्चिम एशियालगायत खाडी मुलुक, इरान, टर्की, मलेशिया, दक्षिण कोरिया, जापानका नागरिकलाई यही चैत ७ गतेदेखि आगामी वैशाख ३ गतेसम्मका लागि नेपाल आउन प्रतिबन्ध लगाएको थियो ।

केही समयअघि कोरोनाको आशङ्कामा सरकारले चीनबाट ल्याएका १७५ जनालाई पनि सोही क्वारेन्टाइनमा राखी उपचार गराइएको थियो ।

# मुख्यमन्त्रीद्वारा सीमा नाका अनुगमन

**भीमदत्तनगर/मस-** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले शनिबार बिहान गड्डाचौकी नाकाको स्थलगत अनुगमन गरेका छन् । सो अवसरमा उनले कोरोना भाइरस संक्रमणको जोखिम न्यूनीकरणका लागि प्रदेश सरकार लागि परेको बताए । 'सीमा नाकाबाट नेपाली घर फर्किने क्रम बढेकाले सिमाना सतर्कता अपनाउन लागिएको छ,' उनले भने, 'थप सुरक्षा र सतर्कता अपनाउन संघीय सरकारसँग पनि सहयोग र समन्वय हुन्छ ।'



कैलाली र कञ्चनपुरमा बृहत्रुपमा तयारी भइरहेको बताउँदै उनले विभिन्न अस्पताल र वार्ड व्यवस्थापनका लागि पहल भइरहेको बताए । मुख्यमन्त्रीसँगै सीमा नाकाको अनुगमनका लागि सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री कृष्णराज सुवेदी, प्रदेशसभा सदस्य लालबहादुर खड्का, भीमदत्तनगरपालिकाका नगरप्रमुख सुरेन्द्र विष्ट, नेपाली सेनाको श्री नं २५ बाहिनी अड्डाका बाहिनीपति सहायकरथी शंकरबहादुर पण्डित लगायतको टोली गड्डाचौकी पुगेको थियो ।

सो क्रममा सामाजिक विकासमन्त्री सुवेदीले दुई थान इन्फ्रारेड थर्मोमिटर मेसिन स्वास्थ्यकर्मीको टोलीलाई उपलब्ध गराए । साथै अनुगमनका क्रममा सेनाका बाहिनीपति सहायकरथी पण्डितले मुख्यमन्त्रीलाई गड्डाचौकी सीमा नाकामा अपनाइएको सतर्कता, स्वास्थ्य परीक्षण र आवश्यक व्यवस्थापनका विषयमा जानकारी गराएका थिए ।

त्यसैगरी स्थानीय प्रशासनले पनि कोरोना भाइरस संक्रमण हुन नदिन शनिबार बैठक बसी विभिन्न निर्णय गरेको कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नुरहरि खतिवडाले बताए । उनले गड्डाचौकी नाकाबाहेक कञ्चनपुरका अन्य सबै नाकाबाट भारततर्फको आवागमन तत्कालका लागि बन्द गर्ने निर्णय भएको बताए ।

'गड्डाचौकीबाट स्वदेश फर्किएका नेपालीलाई आफ्नो गन्तव्य पुगिसकेपछि अनिवार्य स्वास्थ्य परीक्षणका लागि यहाँका सबै स्थानीय तहसँग समन्वय गर्ने निर्णय भएको छ,' प्रजिअ खतिवडाले भने, 'यहाँको महाकाली अस्पालमा आइसोलेसन वार्ड तयारी अवस्थामा राख्ने भनेका छौं ।'

उनले जिल्लामा रहेका सबै स्वास्थ्यकर्मी र एम्बुलेन्सलगायतका सेवा तयारी अवस्थामा राखिएको जानकारीसमेत दिए । बैठकले भीमदत्तनगरमा रहेको सिएमए छात्राबास र जिल्ला प्रशासन कार्यालयको पुरानो भवनलाई तत्काल क्वारेन्टाइनस्थलका रुपमा प्रयोग गर्ने निर्णयसमेत गरेको छ ।

# पशुपतिमा विशेष पूजा स्थगित

**काठमाडौं/मस-** कोरोना भाइरस (कोभिड १९) जोखिमबाट सतर्कता अपनाउन सोमबारदेखि पशुपतिमा विशेष पूजा नगरिने पशुपति क्षेत्र विकास कोषले जनाएको छ । कोषले शुक्रबारदेखि नै विशेष पूजाको रसिद काट्न बन्द गरेको थियो । बिहीबारसम्म काटेका रसिदको विशेष पूजा आइतबार सकिएपछि सोमबारदेखि भक्तजनले मनोकांक्षा पूरा गर्ने उद्देश्यले गर्ने विशेष पूजा नगरिने कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले जानकारी दिए ।

कोषले भक्तजनसँग पूजाका लागि तोकिएको शुल्क लिएर विशेष रुद्राभिषेक गर्ने व्यवस्था गरेको थियो । विशेष पूजाका लागि धेरै भक्तजनको रुचि पनि बढ्दै गएको थियो । कोषका लागि आम्दानीको स्रोत पनि बनेको विशेष पूजा सो भाइरसको सतर्कता लागि २५ जना भन्दा बढी उपस्थित हुन नपाउने नियमका कारण स्थगित गरिएको हो ।

यसले पशुपतिको नित्य पूजामा कुनै प्रभाव नपर्ने उनले बताए । पशुपतिमा दर्शनका लागि आउने भक्तजनका लागि तीन मिटर परैबाट दर्शन गर्ने व्यवस्था मिलाइएको छ । पशुपति आउने सबै भक्तजनलाई अनिवार्य रुपमा मास्क लगाएर आउन पनि कोषले आह्वान गरेको छ ।

पशुपति मूल मन्दिरभित्र दर्शनका लागि छिर्ने भक्तजनलाई पश्चिम ढोका अघि साबुन, पानी, स्यानिटाइजर लगायत सुरक्षाका उपाय पनि अललम्बन भएको छ । यसैगरी पशुपति क्षेत्रमा हुने ठूला यज्ञ पनि बन्द गरिएको छ । चैत ११ गतेदेखि हुन लागेको महारुद्रयाग पनि हाललाई स्थगित गरिएको छ ।

## गड्डाचौकीमा भारतबाट स्वदेश फर्कने यात्रुको चाप बढ्यो



**कञ्चनपुर/मस-** जिल्लाको पश्चिमी सीमानाका गड्डाचौकी भएर भारतबाट फर्कने यात्रुको भीड लागेपछि आज बिहानैदेखि सवारीसाधन बन्द गरिएको छ ।


भारतीय पक्षले भारततर्फ जाने सबै सवारीसाधन र नेपाली यात्रुलाई जानबाट रोकेको छ । भारतबाट नेपाल प्रवेश गर्नेलाई भने जान दिइएको छ । नेपालबाट भारततर्फ जाने भारतीय नागरिकलाई मात्रै भारततर्फको नाका प्रवेश गर्न दिइएको छ । भारतले कोरोना भाइरस रोकथामका लागि नागरिक कर्फ्युको घोषणा गरेपछि मजदूरीका लागि भारतमा रहेका नेपाली स्वदेश फर्कन थालेका छन् ।

सीमानाकामा निकै भीड रहेकाले सवारीसाधनलाई सीमानाका प्रवेश गर्नबाट रोकिएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक रवीन्द्रनाथ पौडेलले बताए । आज बिहान मात्रै झण्डै तीन हजार बढी यात्रु एकै पटक भारतबाट नेपाल फर्केको बताइएको छ ।

अझै सीमानाकामा निकै भीड रहेको छ । विगत तीन दिनदेखि सीमानाकामा नेपाल फर्कने यात्रुको निकै चाप रहेको छ । सीमानाकामा राखिएको हेल्थ डेस्कमा समेत स्वास्थ्यकर्मीलाई स्वास्थ्य जाँच गर्न निकै कठिनाइ भएको छ । भीमदत्त नगरपालिकाका स्वास्थ्यकर्मीसँगै नेपाली सेनाको स्वास्थ्यकर्मीको पाँचको टोलीसमेत खटिएको छ । शुक्रबारदेखि नेपाली सेनाको टोलीले सीमानाकामा रहेको हेल्थ डेस्कमा भारतबाट फर्कने यात्रुको स्वास्थ्य जाँच गरी रहेको छ । भारतले नेपाली सवारीसाधनलाई निकटवर्ती बजार वनबासा र नेपालले भारतीय सवारीसाधनलाई भीमदत्त नगरसम्म मात्रै सञ्चालन गर्ने व्यवस्था गरेका छन् ।

# व्यवसायी एकता समितिद्वारा रक्तदान कार्यक्रम

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति, सामाखुसीको आह्वानमा करिब पाँच दर्जनले रक्तदान गरेका छन् । कोरोना भाइरसका कारण उत्पन्न असहज अवस्थामा रगतको कमीलाई परिपूर्ति गर्ने उद्देश्यले शुक्रबार सामाखुसीमा रक्तदान कार्यक्रमको आयोजना गरिएको समाजले जनाएको छ ।



भिजन एण्ड भ्यालु ओभरसिज प्रालि र नेपोलियन हेल्थ केयर सेन्टर सह-आयोजक रहेको उक्त रक्तदान कार्यक्रममा त्यसक्षेत्रका वैदेशिक रोजगार व्यवसायी तथा व्यवसायीका कार्यालयमा कार्यरत कर्मचारीहरूले रक्तदान गरेका थिए ।

रक्तदान कार्यक्रममा प्रमुख अतिथि रहेका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरेले कोरोना भाइरसको संक्रमणको कारण जनमानसमा अन्योल र त्रास उत्पन्न भइरहेको बेला व्यवसायी एकता समिति र अन्य संघ-संस्थाले सहकार्य गरी रक्तदान कार्यक्रम आयोजना गरेर सह्रानीय कार्य गरेको टिप्पणी गरे ।

एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले विगतमा बाढी तथा भूकम्पपीडितहरूलाई खाद्यान्न, भाडाकुडा तथा कम्मलजस्ता अत्यावश्यक राहत सामग्री वितरण गरेको स्मरण गराउँदै प्रतिकूल अवस्थामा समाजले राहत उद्धार तथा समाजसेवाका विभिन्न कार्यक्रमहरू गर्ने बताए ।

उनले भने, 'व्यवसायी एकता समितिले देशमा आइपर्ने विभिन्न समयका दैवी तथा प्राकृतिक विपत्तिमा राहत उपलब्ध गराउने कामदेखि समाज सेवाका कार्यक्रमहरू गर्दै आएको छ, सोहीअनुसार रक्तदान कार्यक्रमको आयोजना गरेका हौं । आगामी दिनमा पनि हामी समाजसेवाको कार्यलाई निरन्तरता दिनेछौं । उनले व्यवसायीहरूको सामाजिक उत्तरदायित्वको जिम्मेवारी रहने भन्दै व्यवसायीहरू समाज सेवाका लागि अग्रसर हुनुपर्ने समेत टिप्पणी गरे ।

सहआयोजक संस्था भिजन एण्ड भ्यालु ओभरसिजका सञ्चालक पदमराज पौडेलले कोरोना संक्रमणका कारण ब्लड बैंकहरूमा रगतको अभाव भएको जानकारी पाइएपछि रक्तदान कार्यक्रम आयोजना गरिएको बताए । कोरोना भाइरस संक्रमणको महामारीबाट जोगिन आतंकित नभई सतर्कताका कार्यहरूलाई निरन्तरता दिन उनले आह गरे । व्यवसायी पौडेलले विदेशमा रहेका नेपाली कामदारहरूको स्वास्थ्य तथा सुरक्षालाई प्राथमिकता दिनु पर्ने पनि बताए ।

वैदेशिक रोजगार व्यवसायीहरूले आफूले पठाएका कामदार र उनीहरूका परिवारको बारेमा विशेष ध्यान दिन कामदारको अवस्थाबारे जानकारी लिनुपर्ने धारणा राख्दै व्यवसायी पौडेलले सरकारी निर्णयका कारण म्यानपावर कम्पनीका कार्यालयहरू अस्थायी रूपमा बन्द भए पनि व्यवसायीहरूले कामदारका समस्यालाई प्राथमिकतामा राख्न कार्यालयमा कर्मचारीको व्यवस्था गर्नु उपयुक्त हुने धारणा राखे ।

कार्यक्रममा पदमराज पौडेल, टीका सिवाकोटी (आदर्श), नारायण खड्का, समुल नेपाली, सपना गिरी, अन्जु थापा, शोभाकान्त अर्याल, पुष्पकुमार ओली, ओशिम थापा, जनक अधिकारी, रेशमराज पौडेल, राधाकुमारी श्रेष्ठ, राजेन्द्र ढकाल, राजन खत्री, पवन केसी लगायतले रक्तदान गरेका थिए ।

## वैदेशिक...

त्यसैले त्यहाँ कार्यरत नेपालीसहित आप्रवासी कामदारहरूमा त्रास छाएको छ ।

संक्रमण हुने र रोजगारी गुम्नसक्ने दोहोरो चिन्तामा रहेका उनीहरू रोजगारदाताले भिसा नै रद्द गरेर स्वदेश पठाउन थालेपछि थप आतंकित अवस्थामा रहेको बताइएको छ । यूएईमा कार्यरत २ नेपालीमा केही दिनअघि कोरोनाको संक्रमण फेला परेको थियो । यद्यपि, उनीहरूको परिचय हालसम्म गोप्य राखिएको छ ।

बोर्डका कार्यकारी निर्देशक समितिका सदस्य सचिव तोकिएका छन् । संघले अध्यक्ष विष्णुप्रसाद गैरे र महासचिव सुजित श्रेष्ठलाई समितिमा पठाउने निर्णय गरेको छ ।

## सांसदहरूको...

नियन्त्रण गर्नका लागि उपचारको प्रबन्धको बारेमा बैठकमा छलफल भएको छ', नेपालले भने ।

जनताका समस्याहरु र आर्थिक क्षेत्रमा कोरोनाबाट परेको असर र देखिन सक्ने संकटकाविषयमा सरकारलाई जानकारी गराउने विषयमा बैठकमा कुरा उठेको छ ।

नेपाली युवा नेता सांसद गगन थापाले नेपाल भारत सीमा नाका बन्द गर्ने र अस्पतालहरुको तयारीका विषयमा सरकारले गरेको निर्णयहरु तत्काल कार्यान्वयन गर्न आग्रह गरे

सरकारले अघि सारेका कामहरु अझै प्रभावकारी हुन नसकेको उल्लेख गर्दै उनले स्वास्थ्यमन्त्रालय मार्फत भएका निर्णयहरु यथाशाक्य कार्यान्वयन हुनुपर्नेमा जोड दिए । 'अस्पतालको लागि तयारी गर्नुपर्ने कुराहरुको सन्दर्भमा पनि स्वास्थ्य मन्त्रालयले जुन नयाँ निर्णयहरु गरेको छ त्यो निर्णयहरु भएको छ । तर त्यो निर्णयहरु तत्काल कार्यान्वयनमा जाओस', उनले भने, 'त्यो फेरी कार्यान्वयन गर्न केही समय लाग्ने हो भने भयाभह स्थिति आयो भने त्यो बेलामा जुट्न पूर्व तयारी भएको हुँदैन यो कुरामा सरकारको ध्यानाकर्षण गराउने विषयमा छलफल भएको छ ।'

छलफलमा सांसदहरुले कोरोना भाइरसको संक्रमण फैलिन नदिन काठमाडौं उपत्यका भित्रका स्थानीय तहहरुले निर्वाह गरेको भूमिका चित्त बुझ्दो नभएको बताएका थिए । नागरिकमाथि जनचेतना फैलाउन स्थानीय तहको भूमिका महत्वपूर्ण हुने भएको र राजनीतिक दलहरुले उनिहरुलाई सघाउने विषयमा समेत छलफल भएको थियो । त्यस्तै सांसदहरुले कोरोनाको संक्रमणको जोखिम बढ्दै जाँदा अर्थतन्त्रमा देखिने जटिलताका विषयमा सरकारले अहिले देखिनै सम्बोधन गर्नुपर्नेमा जोड दिए ।

## सुरक्षा...

सामग्रीहरु पठाउने क्रम जारी रहेको र भूकम्पका बेलाका सामग्री, टेन्ट सबै प्रयोग हुँदैछ । सेनाले सबै पृतनालाई आकस्मिक कोषका रुपमा रु २५ लाखका दरले दिइसकेको छ । त्यसबाट तयारी भइरहेको छ । सरकारले आइसियूसहितको २० श्यया बनाउन निर्देशन दिएअनुसार वीरेन्द्र सैनिक अस्पतालमा त्यसको तयारीको काम भइरहेको प्रवक्ता पाण्डेले बताए ।

उनले भने, "हाम्रा सबै ब्यारेक, गणहरु 'लकडाउन' जस्तै छ, बिदा भएर आउनेलाई अलग्गै क्वारेन्टाइनमा राखिन्छ, बिदा छुट्टी सबै बन्द भइसक्यो, आन्तरि कसँगै बाह्य सावधानी, रोकथाम र नियन्त्रणका लागि सेना पूर्ण तयारीमा छ ।" उनले कोरोना भाइरस सङ्क्रमण (कोभिड-१९) को रोकथाम र नियन्त्रणका लागि 'कोर' समूह तयार पारिएको जानकारी दिए ।

कुन ब्यारेक र गणमा सिपाही र कमाण्डर को-को खटिने सबै तयारीमा छ, सेनाका चिकित्सक र स्वास्थ्यकर्मी कसरी परिचालन हुने आइसोलेसनमा कसरी काम गर्ने, क्वारेन्टाइनमा सेनाको भूमिका कस्तो रहन्छ सबै कुराको तयारीमा नेपाली सेना रहेको छ । केन्द्रमा १० श्ययासहित विभिन्न स्थानमा गरी ५२ श्ययाको आइसोलेसन वार्डसमेत सेनाले तयारी अवस्थामा राखेको जनाइएको छ ।

उच्च सतर्कता

सरकारले कोभिड-१९ भित्रिन नदिन उच्च सतर्कता अपनाएको छ । मुलुकमा भोलि आइतबारदेखि यही चैत २१ गतेसम्म सार्वजनिक र निजी क्षेत्रबाट प्रदान गरिने अत्यावश्यक बाहेकका सबै सेवा बन्दको घोषणा गरिसकेको छ । यस्तै चैत १० गतेदेखि लागू हुनेगरी केही अवधिका लागि लामो दूरीमा चल्ने सबै यात्रुवाहक सवारी साधन बन्द गरेको छ ।

अत्यावश्यक अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कन, भीडभाडमा नजान, सरसफाइमा ध्यान दिन, अनावश्यकरूपमा खाद्यान्नको सञ्चित नगर्न, चिकित्सकको सल्लाह लिन र आतङ्कित नहुन पनि सरकारले आह्वान गरिसकेको छ । यही चैत ९ गतेदेखि १८ गतेसम्म हवाईमार्ग हुँदै नेपाल आगमनमा रोक लगाउन शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीले घोषणा गरिसकेका छन् ।

सबै सीमानाकाबाट आवागमन गर्ने यात्रुको अनिवार्य स्वास्थ्य जाँच गरिने, देशभर स्वास्थ्य सेवा प्रभावकारी बनाइने भएकाले उच्च मनोबलका साथ कोरोना भाइरसलाई परास्त गर्ने उनले आह्वान गरे । चीनको वुहानमा गत डिसेम्बर ३१ मा कोभिड-१९ मानिसमा देखिएको थियो ।

यो कोरोनाको सातौं प्रजातिमा पर्छ । जनावरबाट मानिसमा सरेको भनिएपछि कुन जनावरबाट सरेको भनेर पत्ता लागेको छैन । विश्व स्वास्थ्य सङ्गठनका अनुसार अहिलेसम्म १७७ मुलुकमा दुई लाख ३४ हनार ७३ जना सङ्क्रमित भइसकेका छन् । जसमा नौ हजार ८४० जनाको मृत्यु भइसकेको छ । कोभिड-१९ को नेपाल उच्च जोखिममा रहे पनि अहिलेसम्म सङ्क्रमण देखिएको छैन । भारतको सीमानाकाबाट बढी जोखिम रहेकाले अहिले सरकारले सीमामा उच्च निगरानी बढाउँदै आएको छ ।

# विद्यालय भवनमा अस्पताल

**गलेश्वर/मस-** कोरोना भाइरस सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै पूर्वतयारीका लागि म्याग्दीको सदरमुकाम बेनीको एक निजी विद्यालय भवनमा आइसोलेसन कक्षसहितको अस्पताल सञ्चालन गरिने भएको छ ।

बेनी नगरपालिका-८ हिलसाइडमा अवस्थित माउण्ट एभरेष्ट आवासीय माविको भवनमा रहेका ३३ कोठामध्ये हाललाई दश कोठमा बेनी अस्पतालले आइसोलेसन कक्ष बनाउने भएको हो ।

प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालको अध्यक्षतामा शुक्रबार जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवालाको बैठकले अस्थायी अस्पताल बनाउने निर्णय गरेको हो । आज बेलुकासम्म अस्पताल तयार हुने प्रमुख जिल्ला अधिकारी ढकालले जानकारी दिए । विद्यालयको सामाजिक उत्तरदायित्वअन्तर्गत हाल खाली अवस्थाको विद्यालय भवनलाई आइसोलेसन अस्पतालको रुपमा प्रयोग गर्न दिने निर्णय भएको माउन्ट एभरेष्ट आवासीय माविका अध्यक्ष चन्द्रकुमार केसीले बताए ।

बेनी नगरपालिका, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, म्याग्दी उद्योग वाणिज्य सङ्घ र बेनी अस्पतालका प्रतिनिधि सम्मिलित बैठकले म्याग्दी बहुमुखी क्याम्पस नजिक रहेको माउन्ट एभरेष्ट बोर्डिङ स्कूलको पुरानो भवनलाई मर्मतसम्भार र रङरोगन गरी अस्थायी अस्पतालका रुपमा प्रयोग गर्ने निर्णय गरेको हो ।

भवनको सरसफाइ र आवश्यक पूर्वाधार निर्माण गर्न नेपाली सेनालाई जिम्मेवारी दिइएको छ । नेपाली सेनाले आज बेलुकासम्म अस्पताल तयार पार्ने छ । भाइरस सङ्क्रमितको उपचार सहज होस् भनेर छुट्टै अस्पताल बनाउन लागिएको बेनी अस्पतालका डाक्टर मनोज घिमिरेले बताए ।

आकस्मिकरुपमा सङ्क्रमित देखा परेमा तत्काल राखेर उपचार गर्न सहज होस् भनेर अस्पताल बनाउन लागिएको डाक्टर घिमिरेले बताए । उनुभयो । अस्पतालमा १० शचयाको आइसोलेसन कक्ष हुने छ ।

# गण्डकी प्रदेशमा १११ आइसोलेसन बेड तयार

**कास्की/मस-** कोरोना भाइरस सङ्क्रमणबाट सजगता अपनाउन गण्डकी प्रदेशअन्तर्गत विभिन्न जिल्लाका अस्पतालमा १११ आइसोलेसन बेड तयारी अवस्थामा राखिएको छ ।

प्रदेश स्वास्थ्य निर्देशनालय पोखराका अनुसार कोरोना भाइरस सङ्क्रमण पुष्टि भएमा बिरामीको उपचारका लागि प्रदेशका विभिन्न जिल्लाका सरकारी तथा निजी अस्पतालमा गरी हालसम्म सो सङ्ख्यामा विशेष सुविधासहितको आइसोलेसन कक्ष तयार गरिएको हो ।

गण्डकी प्रदेशको सबैभन्दा ठूलो अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा दश शचयाको आइसोलेसन कक्ष तयार गरिएको छ । मणिपाल शिक्षण अस्पतालमा १५, गण्डकी मेडिकल कलेजमा १५, चरक मेमोरियलमा ३० र जीपी कोइराला स्वासप्रस्वास केन्द्र तनहुँमा १२ शचयाको आइसोलेसन कक्ष तयारी अवस्थामा राखिएको निर्देशनालयका निर्देशक डा विनोदविन्दु शर्माले जानकारी दिए ।

प्रदेशका ५० शचयाभन्दा बढीका सबै सरकारी तथा निजी अस्पताललाई आफ्नै बजेट/स्रोतमा कम्तीमा पाँच शचयाको आइसोलेसन कक्ष स्थापनाका लागि कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि गठन गरिएको प्रदेशको उच्चस्तरीय निर्देशक समितिले गत हप्ता निर्देशन दिएको थियो ।

स्याङ्जा जिल्ला अस्पतालमा चार तथा पर्वत जिल्ला अस्पतालमा तीन, धौलागिरि अञ्चल अस्पताल बागलुङमा चार शचयाको आइसोलेन कक्ष तयार गरिएको उनले जानकारी दिए । लमजुङ, नवलपुर, जोमसोम, बागलुङका केही निजी अस्पतालमा समेत एक/दुई वटाका दरले शचया तयार गरिएको बताइन्छ ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक सहप्राध्यापक डा अर्जुन आचार्यले कोरोना सङ्क्रमित भएको प्रमाणित भएका बिरामीलाई उपचारका लागि विशेष व्यवस्थासहितको कक्ष र चिकित्सक तयारी अवस्थामा राखिएको बताए । 'कोरोनाविरुद्ध पूर्वसावधानी अपनाउँदै सङ्क्रमितलाई विशेष प्रकारले उपचारका लागि छुट्टै कक्षको व्यवस्था गरेका छौं । गण्डकी प्रदेशका कोही पनि सङ्क्रमित भएको पाइएको छैन । आवश्यक परेमा शचया थप्न सकिन्छ,' आचार्यले भने ।

पछिल्लो समय सामान्य रुघाखोकी लागेका बिरामीसमेत कोरोनाको त्रासले परीक्षणका लागि अस्पताल पुग्ने गरेकाले अस्पतालमा भीडभाड बढेको उनको भनाइ थियो ।

# समाजिक सञ्जालमा कोरोना आतंक

## अडियो बनाउने एक जना पक्राउ, हेलिकप्टरबाट औषधि छर्किने हल्ला मात्र

**काठमाडौं/मस-** नेपालमा हालसम्म १ जना बाहेक अन्यमा कोरोना संक्रमणको पुष्टि भएको छैन । तर सामाजिक सञ्जालमा नेपालमा कोरोना संक्रमण फैलिसकेको भन्दै समाजमा आंतक मच्चाउने कार्य हुन थालेको छ । सामाजिक सञ्जालमा एक पछि अर्को श्रब्य र दृष्य सामग्री सार्वजनिक हुन थालेपछि प्रहरीले आतंक र भ्रम फैलाउनेलाई कारवाहीको तयारी गरेको छ ।



कोभीड नाइन्टीन अर्थात कोरोनाको रोकथामका लागि शुक्रबार कडा निर्णय लिँदै प्रधानमन्त्री केपी शर्मा ओलीले अत्यावश्यक बाहेक सबै सेवा बन्द गर्ने घोषणा गरे । प्रधानमन्त्री ओलीले विश्व नै जोखिममा रहेको उल्लेख गर्दै रोकथामका लागि कडा कदम चालिएको घोषणा गरेको केही बेरमा सामाजिक सञ्जालमा भ्रम फैलाउने सन्देशहरु सार्वजनिक हुन थाले ।

राष्टि्रय जनस्वास्थ्य प्रयोगशालाले हालसम्म ५ सय ८० जनाको कोरोना परीक्षण गरिसकेको छ। प्रयोगशालका अनुसार हालसम्म परिक्षण गरिएका सबैको रिपोर्ट निगेटिभ अर्थात कोरोना संक्रमित नभएको आएको छ । शुक्रबार पनि ३३ जनाको कारोना परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

नेपालमा एक जना बाहेकमा अन्यमा कुनै पनि व्यक्तिमा संक्रमण देखिएको छैन । ती एक जना पनि निको भइसकेका छन् । तर केही उच्छृंखल व्यक्तिले कोरोनाबाट नेपालमा यति जना संक्रमित तथा मृत्यु नै भइसकको भन्ने खालका सन्देश समाजिक सञ्जालामार्फत भ्रम फैलाई रहेका छन् । प्रहरीले यस्तो भ्रमपुर्ण सन्देशबारे तत्काल जानकारी गराउन आग्रह गर्दे दोषीलाई कडा कारवाही गर्ने चेतावनी समेत दिएको छ ।

यसैबीच भ्रमपुर्ण सन्देश फैलाउनेलाई प्रहरीले नियन्त्रणमा लिई कारवाही प्रक्रिया अगाडि बढाइसकेको छ । कोरोना संक्रमितको मृत्यु भएको भन्दै झुटो प्रचार गरेको अभियोगमा रामेछाप घर भई भक्तपुरको सिपाडोल बस्ने २० वर्षका विवेक थापा मगरलाई नेपाल प्रहरीको साइबर ब्यूरोले शनिबार पक्राउ गरेर कारबाही प्रक्रिया अगाडि बढाएको हो । उनले कोरोनाका कारण एक नेपालीको मृत्यु भएको तर अस्पतालले घटना लुकाएको भन्दै सामाजिक सञ्जालमा अडियो सन्देश पोष्ट गरेका थिए ।

एक व्यक्तिलाई सम्बोधन गरेर रेकर्ड गरिएको उक्त अडियो एक मिनेटको छ । अडियोमा नर्भिक अस्पतालका कर्मचारीले दिएको जानकारी भनेर उल्लेख गरिएको छ। उक्त अडियोका विषयमा सामाजिक सञ्जालमा अहिले आलोचना भइरहेको छ भने जनमानसमा भ्रम सिर्जना भएको छ ।

उक्त अडियोमा नेपालमा कोरोना लागेको भनेर भ्रामक प्रचार गरिएको छ। प्रहरीले गलत हल्लाका पछि नलागी नेपाल सरकारको आधिकारिक सूचना र जानकारीबारे ख्याल गर्नसमेत भनेको छ ।

नर्भिक इन्टरनेशनल अस्पताल काठमाडौंले अस्पतालमा कोभिड-१९ का बिरामी भेटिएको भनेर कपोलकल्पित सूचना प्रचार भएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । अस्पतालले शनिबार एक विज्ञप्ति जारी गरी हालसम्म कोरोना भाइरसका कुनै पनि बिरामी फेला नपरेको स्पष्ट पारेको छ। त्यस्ता सूचना सार्वजनिक गर्नु सामाजिक अपराध भएकाले विज्ञप्तिमा कानूनी कारवाहीको माग गरिएको छ ।

कोरोना भाइरसको माहामारी १ सय ८६ देशमा फैलिसकेको छ भने नेपाल पनि संक्रमणको उच्च जोखिममा नै छ। यस्तो अवस्थामा समाजमा आतंक मच्चाउने काम गर्नु उचित हुँदैन ।

**हेलिकप्टरबाट औषधि छर्किने हल्ला मात्र**

यसैबीच, शनिवार सामाजिक सञ्जालमा कोरोना सम्बन्धी एउटा सूचना भाइरल भएको थियो । सुचना आज राति (शनिवार) कोरोना भाइरसको संक्रमण रोक्न हेलिकप्टरबाट किटनाशक औषधि छर्कने भन्ने थियो। धेरैले सूचनालाई सत्य समेत मान्दै शेयर गरेको पाइयो ।

अन्ततः यो सूचना गलत भएको पुष्टि भएको छ। नेपाली सेनाले एक विज्ञप्ति जारी गर्दै सूचना गलत भएको जानकारी दिएको छ। साथै हल्ला फैलाउनेलाई कारबाही समेत गरिने सेनाले जनाएको छ ।

# सेनाका पाँच हजार स्वास्थ्यकर्मी तयारी अवस्थामा

**काठमाडौं/मस-** नेपाली सेनाले कोरोना भाइरस (कोभिड-१९) को जोखिम नियन्त्रण तथा रोकथामका लागि प्रदेश सरकारसँग समन्वय गरी योजना बनाउने काम अघि बढाएको छ । साथै सेनाले सो जोखिम रोकथाम र नियन्त्रणका लागि प्रदेश सरकारलाई आवश्यक सहयोग गर्ने जनाएको छ। यसका लागि सेनाले मातहतका पृतना, वाहिनी र गणस्तरमा आफ्नो तयारी गरिरहेको छ । सरकारले सेनालाई कोभिड-१९ को जोखिम रोकथाम र उपचारका लागि २० वटा सघन उपचार कक्ष निर्माण गर्न आवश्यक बजेट उपलब्ध गराउने घोषणा गरिसकेको छ ।

सो भाइरसका बिरामी देखिएमा आइसोलेशन र क्वारेन्टाइनमा कसरी राखेर उपचार गर्ने भनी आन्तरिक तयारीस्वरुप सेनाले उपचार विधि, प्रक्रिया र अपनाउनुपर्ने आवश्यक सजगताबारे ५० चिकित्सकसहित १८१ जनालाई प्रशिक्षण दिइसकेको छ । ती जनशक्तिले केन्द्रमा १० सहित मुलुकभर ५२ स्थानमा नमूना क्वारेन्टाइन र अस्पताल तयार गरिसकेका छन् ।

सेनाको पूर्वी पृतना मातहत विभिन्न तीन स्थानमा ४४४ शययाको क्वारेन्टाइन तयार गरिसकेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका निर्देशक एवं प्रवक्ता विज्ञानदेव पाण्डेले जानकारी दिए । सेनाले कोरोना भइरसबाट सुरक्षित रहन र आवश्यक परेको बखत चुस्त-दुरुस्त रुपले परिचालन हुन सैनिकलाई बिदा बस्न बन्देज लगाइसकेको छ ।

सरकारको निर्णयअनुसार एकै पटक धेरै मानिस एकै स्थानमा जम्मा हुन नदिने हेतुले ससाना समूहमा रहेर बिहान-बेलुका खाना खुवाउने प्रबन्ध मिलाएको सेनाले जानकारी दिएको छ । सेनाले संगठनभित्र स्वास्थ्यसम्बन्धी तालीम लिएका पाँच हजार व्यक्तिको रोष्टर तयार गरिसकेको जनाएको छ । उक्त जनशक्तिलाई आवश्यकताअनुसार परिचालन गर्न तयारी हालतमा राखेको जानकारी दिइएको छ ।

सेनाले अहिले स्वास्थ्यसम्बन्धी तालीम लिएका भूतपूर्व सैनिकको पनि खोजी गरिरहेको छ। यसैबीच सेनाले हेलिकोप्टरबाट औषधि छर्कने बेलामा सर्वसाधारण घरभित्रै बस्नुपर्छ भन्ने ढुङ्गबाट आएको हल्लामा कुनै सत्यता नरहेको स्पष्ट पारेको छ ।

# मध्यान्हकर्मी खान सम्मानित



**कपिलवस्तु/मस-** मध्यान्हकर्मी इमरान खान सम्मानित भएका छन् । कपिलवस्तुमा आयोजित एक कार्यक्रममा मध्यान्ह दैनिकका कपिलवस्तु सम्वाददातासमेत रहेका नेपाल पत्रकार महासंघका प्रदेश नं. ५ का प्रदेश पार्षद एवं इन्टरभ्यू खबर आनलाईन र बुद्ध खबर आनलाईनका प्रमुख सञ्चालक खान सम्मानित भएका हुन् ।

खानसँगै नेपाल टेलिभिजनका कपिलवस्तु सम्वाददाता बासुदेव बर्मालाई समेत महिलाहरुको उत्थान, विकास र स्वभिमानका पक्षमा लामो समयदेखि निरन्तर कलम चलाउँदै आएको भन्दै निरा गृहिणी समाजले सम्मान गरेको हो । समाजले पत्रकारद्वयलाई प्रशंसा पत्रसहित सम्मान गरेको थियो ।

पत्रकारद्वयलाई समाजकी अध्सक्ष निरा तिम्सिनाले खादा र कपिलवस्तु नगर उपप्रमुख लक्ष्मी गुप्ताले प्रशंसा पत्र सहित सम्मान गरेकी थिइन् ।

# सञ्चारकर्मीलाई निवासबाट नै कामकाजको व्यवस्था मिलाउन आग्रह

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले कोरोना भाइरस (कोभिड-१९) को जोखिमलाई ध्यानदिँदै सञ्चारकर्मीलाई निवासबाट नै कामकाजको व्यवस्था मिलाउन सञ्चार प्रतिष्ठानलाई आग्रह गरेको छ ।



शनिबार यहाँ बसेको केन्द्रीय समितिको बैठकले सञ्चारकर्मीका लागि सुरक्षित वातावरण तयार पार्न, समयमै पारिश्रमिक प्रदान गर्न तथा निवासबाट कामकाजको व्यवस्था मिलाउन सञ्चार प्रतिष्ठानलाई आग्रह गर्ने निर्णय गरेको महासङ्घका महासचिव रमेश विष्टले जानकारी दिए । सञ्चारकर्मीलाई कार्यालय आवतजावत गर्नका लागि सवारी साधनको व्यवस्था मिलाउन, सञ्चार माध्यम र सञ्चारकर्मीलाई इन्टरनेट, टेलिफोन, विद्युत जस्ता अत्यावश्यक साधनमा आवश्यक सहुलियत दिन सरकारसँग माग गर्ने निर्णय गरेको उनले बताए ।

बैठकले कोरोना भाइरसको संक्रमणबाट बचनका लागि संयमतापूर्वक सत्य, तथ्य र सचेतनामूलक सामग्री प्रकाशन प्रसारण गर्न आमसञ्चार माध्यमलाई आग्रह गरेको छ । यसैगरी बैठकले नेपालमा सो भाइरसको संक्रमण फैलन नदिन अपनाउनुपर्ने सावधानिबारे सञ्चार क्षेत्रको उत्तरदायित्वका सम्वन्धमा महासंघका तर्फवाट आवश्यक भूमिका निर्वाह गर्ने निर्णय गरेको छ।

यसका लागि महासंघका तर्फवाट सञ्चार माध्यम र पत्रकारको दायित्वका सम्वन्धमा सामग्री तयार गर्ने, सुरक्षित रही सत्य, तथ्य सूचना प्रवाहको वातावरण निर्माण गर्न पहल गर्ने तथा गलत र भ्रमपूर्ण प्रचार हुन नदिन एक अनुगमन समिति समेत बैठकले गठन गर्ने निर्णय गरेको छ।

सो समितिमा अध्यक्ष गोविन्द आचार्य, उपाध्यक्ष विपुल पोखरेल, दिलिप थापा र महासचिव रमेश विष्ट रहेका छन् । बैठकले कोरोना भाइरसको संक्रमणको जोखिमबाट बच्ने उपाय सम्बन्धी सचेतनामूलक सामग्री प्रकाशन प्रसारण गर्न आम सञ्चार माध्यमलाई आग्रह गर्ने निर्णय समेत गरेको छ ।

# निरा गृहिणी समाजद्वारा महिला कानूनसम्बन्धी तालिम

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ८ चैत

कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका वडा नं. ८ को आयोजना तथा निरा गृहाणी समाज, कपिलवस्तुको सहकार्यमा दलित, थारु तथा पिछडिएका महिलाहरुलाई कानूनी तालिम दिइएको छ। दुई दिने उक्त तालिम विश्वभरी फैलिएको कारोना भाइरस संक्रमणको जोखिमलाई मध्यनजर गर्दै सहभागीहरुलाई दुई ठाँउमा राखेर सञ्चालन गरिएको थियो ।



उक्त तालिममा ७० जना महिलाहरुको सहभागिता रहेको थियो। दलित महिला, थारु महिला तथा पिछाडिएका महिलाहरुलाई कुन समयमा विवाह गर्ने, के कसरी समाजमा स्थापित हुने, महिलाको अधिकार के हो, महिलाहरु किन पछाडि परेका छन, त्यसमा कसको कमी कमजोरी रहेको छ, महिलाहरु अगामी दिनमा कसरी अगाडि बढ्ने ? भन्ने जस्ता विभिन्न समसामयिक विषयमा जनचेतनामुलक प्रशिक्षण दिइएको थियो ।

तालिममा सहभागीहरुलाई अधिवक्ता अमुल्य ढुंगेल, अधिवक्ता जशिमन कर्माचार्य, नेपाल बार इकाई कपिलवस्तुका अध्यक्ष भोला प्रसाद विश्वकर्मालगायतले प्रशिक्षण दिएका थिए । तालिमको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि कपिलवस्तु नगरपालिकाकी उपप्रमुख लक्ष्मी गुप्ता, विशिष्ट अतिथि सोहि नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष शिव कुमार पाण्डेय तथा तालिम अनुगमनकर्ता कपिलवस्तु नगरपालिकाका समाजिक विकास अधिकृत पदम श्रेष्ठ, विजय वाग्लेलगायतले तालिमको महत्वबारे प्रकाश पारेका थिए ।

कार्यक्रममा सभापतिको आशनबाट बोल्दै निरा गृहिणी समाजकी अध्यक्ष निरा तिमिल्सिनाले पिछडिएका महिलाहरुलाई कानूनी हक अधिकारबारे जानकारी दिन तालिम आयोजना गरिएको बताइन् । निरा गृहिणी समाजले महिलाहरुलाई केन्द्रविन्दुमा राखेर मूख्यतः सरसफाई, सीपमुलक तालिमलगायतका कामहरु गर्दै आएको अध्यक्ष तिमिल्सिनाले बताइन् । उनले यस्ता कार्यक्रम सञ्चालन गर्न सहयोग पुर्याउनेहरुप्रति आभार समेत प्रकट गरिन् ।

मोनिका श्रीवास्तवले सञ्चालन गरेको उक्त कार्यक्रम श्री विश्व मैत्री अधारभुत विद्यालयमामा सम्पन्न भएको थियो ।

# कांग्रेसको क्रियाशील सदस्य वितरण र नवीकरण स्थगित

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको १४औं महाधिवेशनका लागि वितरण गरिँदै आएको क्रियाशील सदस्यता वितरण र नवीकरण कार्य स्थगन भएको छ । पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले कोभिड-१९ को संक्रमण बढ्दै गएको र नेपालमा पनि हुनसक्ने संक्रमणलाई मध्यनजर गर्दै यही चैत ९ गतेदेखि चैत मसान्तसम्मका लागि स्थगन गरेको जानकारी दिए ।



'पार्टीले ठूला भेला र सम्मेलनलाई यसअघि नै स्थगन गरेको, कोभिड-१९ को संक्रमणलाई ध्यानमा राखेर क्रियाशील सदस्यता वितरण र नवीकरणलाई स्थगन गरेका हौं,' उनले भने ।

कांग्रेसले शहरदेखि गाउँ हुँदै घरसम्म कोरोना भाइरससम्बन्धी जनचेतना फैलाउन सबै लाग्ने बताएको छ । पार्टी प्रवक्ता शर्माले जिल्ला, क्षेत्र, नगर, गाउँ हुँदै टोलसम्म कोरोना जोखिम सामना गर्ने राष्ट्रिय दायित्व निर्वाहका लागि स्वयंसेवी भूमिका निभाउन सबैलाई आग्रह गरिएको बताए । कांग्रेसले सचेतना अभियानमा सञ्चारका विविध माध्यमको प्रयोगमा तीव्रता दिने बताएको छ । केन्द्रीय कार्यालय भने बन्द नरहने कांग्रेसले जनाएको छ ।

# सैनिक हुँ भन्दै ठगी गर्ने पक्राउ

**भद्रपुर/मस-** सैनिक हुँ भन्दै किराना पसलेलाई ठग्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा भद्रपुर नगरपालिका-८ बस्ने ४६ वर्षीय राजकुमार राउत रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । प्रहरीका अनुसार मेचीनगर नगरपालिका-१२ स्थित चारआलीको सुम्निमा पारुहाङ किराना पसल सञ्चालक डाकबहादुर राईलाई उनले रु एक लाख दुई हजार नगद ठगी गरेका थिए ।

राउतले आफू सैनिक भएको र मेसको कामको जिम्मेवारी रहेको बताउँदै मेसमा बचेको सामान सस्तो मूल्यमा दिने प्रलोभन देखाइ राईलाई ठगेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता महेन्द्रकुमार श्रेष्ठले बताए । राउतले राईलाई पैसा लिई गाडी लिएर चारआलीस्थित सेनाको ब्यारेकको गेटमा पठाउन अनुरोध गरेका थिए । उनले सो रकम बाटैबाट लिई चालक ख्याम अधिकारीलाई सामान लिन सेनाको गेटमा बोलाएको प्रहरीको भनाइ छ । सामान लिन गाडी लिएर गएका अधिकारीले गेटमा पुग्दा निज व्यक्ति नभेटिएको र उनले दिएको सम्पर्क नम्बरमा समेत फोन गर्दा नउठेपछि तत्काल प्रहरी चौकी चारआलीमा निवेदन दिएका थिए ।

राईले दिएको निवेदन र हुलियाको आधारमा खोजतलास गरिरहेको प्रदेश नं १ नम्बर प्रदेश प्रहरी विराटनगर, जिल्ला प्रहरी कार्यालय झापासहितको टोलीले उनलाई शुक्रबार काँकरभिट्टाबाट पक्राउ गरेको प्रवक्ता श्रेष्ठको भनाइ छ । अनुसन्धानका क्रममा राउतले आफ्नो नामसमेत ढाँटी फरक-फरक सिमकार्ड प्रयोग गरी चन्द्रगढी, चारआली, धुलाबारी, बिर्तामोड, मोरङको उर्लाबारी, विराटनगर र सुनसरीको धरान, इटहरी, गोरखा, काभ्रेलगायतका दर्जनौं स्थानमा किराना पसललाई सैनिकको ब्यारेकमा बचेको सामान सस्तोमा दिने भन्दै सयौंलाई ठगी गरेको पाइएको छ ।

उनलाई इलाका प्रहरी कार्यालय काँकडभिट्टाको हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रवक्ता श्रेष्ठले बताए । उनको साथबाट प्रहरीले रु ५४ हजार नगद, एक थान मोबाइल र सिमकार्ड बरामद गरेको छ ।

# ट्राफिक प्रहरी आफैं यात्रु बन्दा ...



**काठमाडौं/मस-** महानगरीय ट्राफिक प्रहरी महाशाखाले बढी भाडा लिने १७ चालकलाई पक्राउ गरेको छ । ट्राफिक प्रहरी आफैं यात्रु बनेर जाँदा बढी भाडा लिएको पाइएपछि ती चालकलाई कारवाही गरिएको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए ।

पक्राउ पर्नेमा डेबिट गुरुङ, कपिल श्रेष्ठ, नरेन्द्र सङ्गौला, प्रकाश भट्ट, रमेश खड्का, जारबहादुर गुरुङ, विजय गुरुङ, प्रभुराम राउत, प्रजय राई, विजय तामाङ, नील बुढाथोकी, सञ्जीव भण्डारी, प्रदीप लामा, कृष्ण माझी, विनोद ठकुरी, पिन्टु जसवाल र कमल श्रेष्ठ रहेका छन् ।

प्रमुख ढकालले सादा पोसाकमा ट्राफिक प्रहरी खटाएर बढी भाडा लिनेविरुद्ध कारवाही चलाएको बताए। यसका लागि महाशाखाले पीडित सहायता इकाइबाट सादा पोसाकमा ट्राफिक प्रहरीको टोलीलाई परिचालन गरिएको थियो । गाडी चढ्नुअघि कतिपय यात्रुलाई 'कन्भिन्स' गरेर पैसा ठग्ने गरेको र कतिपयलाई बढी भाडा नतिरे नलैजाने गरेको पाइएको छ ।

यसअघि महाशाखाले शुक्रबार पनि नौजना पक्राउ गरी आवश्यक कारवाही गरेको थियो । कोभिड-१९ को जोखिमबाट बच्न सतर्कता अपनाउन महाशाखाले विशेष सेवा प्रदान गरिरहेको जनाएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.

Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# दलीय संरचनाको उपयोग

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले विश्वव्यापी महामारी घोषणा गरेको कोरोना भाइरसको संक्रमणबाट एकै दिन झण्डै दुई हजारको मृत्यु भएको छ । शुक्रबार दश हजार पुगेको मृतक संख्या शनिबार १२ हजार हाराहारी पुगेको छ । गएको नोभेम्बरबाट देखिएको कोरोना भाइरसको संक्रमणबाट एकै दिन यति धेरै संख्यामा मृत्यु भएको अहिलेसम्मकै उच्च हो । इटालीमा मृतक संख्या चार हजार नाघेको छ । चीन सरकारले भने महामारी नियन्त्रणमा लिन सफल भएको छ । चीनले तीन हजारमै मृतक संख्या रोक्न सफल भएको छ । कोरोनाको संक्रमणबाट १८६ देशमा झण्डै तीन लाख मानिस प्रभावित बनिसकेको छ ।

हुपेई प्रान्तको वुहान शहरबाट फैलिएको कोरोना संक्रमण रोकथामका लागि नेपाल सरकारले पनि 'सेमि लकडाउन' घोषणा गरेको छ । चैत १० गतेबाट लामो दुरीको यातायात रोकेको छ भने अन्तर्राष्ट्रिय उडान रोक्ने उच्च स्तरीय समितिले निर्णय गरिसकेको छ । शुक्रबार साँझ प्रधानमन्त्री केपी शर्मा ओलीले सम्बोधन मार्फत् कोरोनाको संक्रमणबाट बच्न उच्च सतर्कता अपनाउन आग्रह गरेका छन् । प्रधानमन्त्रीको सम्बोधनपछि राजधानी उपत्यका सहित देशका ठूला सहरहरू सुनसान देखिन थालेको छ । अत्यावश्यक बाहेकका काम रोक्न सरकारले निर्देशन दिएपछि मुलुक नै ठप्प जस्तो बनेको छ ।

विकसित मुलुकलाई समेत यो महामारीबाट बच्न हम्मे–हम्मे परिरहेका बेला सरकारको निर्णय उचित नै छ । किनभने, अहिलेसम्म कोरोनाको संक्रमण फैलिन नसकेको नेपालले सावधानी अपनाउनु नै उचित हुनेछ । यस्तो बेला सवै नेपाली एक जुट हुनुको विकल्प पनि छैन । विशेषगरी जनताको स्थायी प्रतिनिधि मानिने राजनीतिक दलहरूको भूमिका महत्वपूर्ण हुनेछ । वडा तहसम्म रहेको दलीय संरचना सरकार बाहेक अर्को भरपर्दो माध्यम हो । त्यसैले दलहरूले आफ्नो स्थानीय तहसम्म फैलिएको संरचना मार्फत् कोरोनाबाट बच्ने विधि सिकाउन सक्छन् । चिकित्सकहरूले दिएको सुझावअनुसार, सुरक्षित रहन दलका तल्ला तहमा रहेका कार्यकर्ताहरू बढी प्रभावकारी हुन सक्छ । त्यसै पनि दलहरू जनताका स्थायी प्रतिनिधि रहेको र उनीहरू सामान्य नागरिक भन्दा बढी सचेत हुने भएकाले पनि त्यसैअनुससार परिचालन गर्न सक्छन् । परिचालनको अर्थ तुलब्यानर बोकेर भीडभाड गर्ने नभई अन्य माध्यमबाट संगठनलाई परिचालन गर्न सकिन्छ । जसले सरकारको अभियानलाई मात्रै साथ पुग्ने नभई सिंगो समाजलाई जोगाउन सकिन्छ ।

# कोरोनाको निहुँमा कालोबजारी

**नेपालमा पनि केही व्यक्तिलाई कोरोना भाइरस संक्रमणको आशंका गरिए पनि त्यस्तो भाइरस एक जनामा मात्रै भेटिएको पुष्टि भएको छ । संक्रमति विरामी उपचारपछि निको भई घर फर्किसकेका छन् । कोरोना भाइरसको संक्रमणको त्रासले नेपालीहरू निकै त्रसित छन् ।**



■ रत्न प्रजापति

> हल्लाकै भरमा अति आवश्यक वस्तुहरू सञ्चित गरिराख्न खोज्ने आमउपभोक्ताको बानी र त्यही बानीलाई परख गर्नसक्ने चलाख व्यवसायी र व्यापारीहरूको खुबीले गर्दा उपभोक्ताले महँगीको मार खेप्नुपर्ने र व्यवसायी तथा व्यापारीले अनैतिक नाफा कमाउने अवसरको पुनरावृत्ति मुलुकमा आइपर्ने हरेक असहज परिस्थिति हुँदै आइरहेको छ ।

चीनबाट सुरु भएको कोरोना भाइरसको संक्रमणले अहिले विश्वभरि त्रास फैलिएको छ । विश्व स्वास्थ्य संगठनले केही मुलुकलाई उच्च जोखिमको सूचीमा राखेपछि ती मुलुकमा झन् बढी त्रास फैलिएको छ । नेपाल पनि उक्त सूचीमा परेको र चीनबाट नजिकको छिमेकी मुलुकसमेत भएकाले यहाँ पनि कोरोना भाइरसको संक्रमण फैलिने त्रासले मानिसहरू निकै त्रसित भइरहेका छन् ।

विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार कोरोना भाइरसको संक्रमणबाट अहिलेसम्म करिब दुई लाख मानिस प्रभावित भएका छन् भने एघार हजार जनाको मृत्यु भइसकेको छ ।

नेपालमा पनि केही व्यक्तिलाई कोरोना भाइरस संक्रमणको आशंका गरिए पनि त्यस्तो भाइरस एक जनामा मात्रै भेटिएको पुष्टि भएको छ । संक्रमति विरामी उपचारपछि निको भई घर फर्किसकेका छन् । कोरोना भाइरसको संक्रमणको त्रासले नेपालीहरू निकै त्रसित छन् । विश्व स्वास्थ्य संगठनले नै उच्च जोखिम क्षेत्रको सूचीमा राखेकाले कुनै पनि दिन कोरोना भाइरसको संक्रमणले महामारीको रूप लिनसक्ने भयले मानिसहरू भयभीत छन् ।

कुनै वस्तुको अभाव हुनासाथ त्यस्तो वस्तु थप सञ्चित गर्न थाल्नु नेपालीको स्वभाव नै बनेको छ । अहिले बजारमा मास्क र स्यानिटाइजरको माग बढेसँगै यसको अभाव पनि देखिएको छ । बजारमा मास्क र स्यानिटाइजरको माग बढेको हल्ला फैलिनासाथ यसको थप सञ्चित गर्न मानिसहरू हतारिएका देखिन्छन् । मानिसको यही स्वभावको फाइदा व्यवसायी तथा व्यापारीहरूले लिने गरेका छन् । मानिसहरूमा परेको मनोवैज्ञानिक त्रास र अभावको बेलामा थप सञ्चित गर्ने मानिसको स्वभावलाई बुझेका चलाख व्यवसायी र व्यापारीहरूले जम्माखोरी र कालोबजारी गरेर अतिरिक्त आम्दानी गर्ने अवसर छोप्छन् । अभावकै बेलामा कालोबजारी गरी बढी नाफा कमाउनु नेपाली व्यवसायी र व्यापारीहरूको प्रवृत्ति नै बनेको छ । व्यवसायी तथा व्यापारीहरूले कोरोना भाइरसको निहुँमा जम्माखोरी र कालोबजारी गर्न सुरु गरिसकेका छन् । परिणामतः बजारमा मास्क र स्यानिटाइजरको अभाव हुन थालिसकेको छ । सरकारी अनुगमनकर्ताले केही विक्रेतालाई कारबाही समेत गरेका छन् ।

कोरोना भाइरसको संक्रमण फैलिन नदिन र यसबाट ठूलो मानवीय क्षति हुन नदिनका लागि केही समय मानिसहरूको भीडभाड हुने सार्वजनिक स्थलहरू जस्तै बजार, स्कुल, कलेज, कार्यालय, सिनेमाघर आदि बन्द बन्द गरिएको छ । सरकारले अत्यावश्यकबाहेकका सेवाहरु चैत २१ गतेसम्मका लागि बन्द गर्ने निर्णय गरिसकेको छ । त्यसैगरी खाध्यान्नलगायतका सामग्रीको ढुवानीलाई निरन्तरता दिन् जनाएको छ ।

बजारमा वस्तुको अभाव हुनु बढ्दो मागभन्दा पनि जम्माखोर र कालोबजारीकै परिणाम हो भनेर सहजै बुझ्न सकिन्छ । यस्तो अवस्थामा सरकारी अनुगमनको प्रभावकारिता अपेक्षित हुन्छ । तर, बजार अनुगमनमा सरकारको उपस्थिति आमउपभोक्ताले महसुस गर्न सकेका छैनन् । बजारमा वस्तुको अभाव नहुँदै र जम्माखोर र कालोबजारीहरूले वस्तुको कृत्रिम अभाव सिर्जना नगर्दै प्रभावकारी अनुगमन गरेर वस्तु तथा सेवाको सहज आपूर्ति गर्ने र आमउपभोक्ताले सहजै प्राप्त गर्नसक्ने वातावरण सिर्जनामा सरकार प्रतिबद्ध भएपनि आमउपभोक्ताले समस्या भोगिरेहका छन् ।

हल्लैहल्लाको पछि लाग्ने नेपालीको बानीले गर्दा हल्लाले नै ठूलो मनोवैज्ञानिक असर पार्दछ । त्यसैले हल्लैहल्लाको भरमा जम्माखोर, नाफाखोर र कालोबजारीहरूले रातारात बजारबाट मालवस्तु गायब पार्छन् । हल्लाकै भरमा अति आवश्यक वस्तुहरू सञ्चित गरिराख्न खोज्ने आमउपभोक्ताको बानी र त्यही बानीलाई परख गर्नसक्ने चलाख व्यवसायी र व्यापारीहरूको खुबीले गर्दा उपभोक्ताले महँगीको मार खेप्नुपर्ने र व्यवसायी तथा व्यापारीले अनैतिक नाफा कमाउने अवसरको पुनरावृत्ति मुलुकमा आइपर्ने हरेक असहज परिस्थिति हुँदै आइरहेको छ ।

कोरोना भाइरसकै कारण नेपाली बजारमा असामान्य अवस्था आउने सम्भावना प्रबल बनिसकेको छ । आज मास्क र स्यानिटाइजरबाट सुरु भएको कृत्रिम अभाव र कालोबजारीको क्रम भोलि खाद्यान्नलगायतका अति आवश्यक वस्तुमा पनि देखिनेछ । बजारमा असामान्य अवस्था आउनसक्ने सम्भावनाप्रति गम्भीर भएर सरकारले उत्पादन, आयात र आपूर्ति व्यवस्थापनतर्फ सजगता, सतर्कता, सक्रियता र संवेदनशीलता अपनाउनुपर्ने अपेक्षा आमउपभोक्ताको हो । तर, सरकारको सजगता, सतर्कता, सक्रियता र संवेदनशीलता अझै देखिएको छैन । केवल बजारमा आपूर्ति व्यवस्था सहज छ र अभावको अवस्था आउन दिइने छैन भनेर सरकारले आमउपभोक्तालाई विश्वस्त तुल्याउन खोजिरहेको छ । तर, उपभोक्ता विश्वस्त र निश्चिन्त हुन सकेका छैनन् । जम्माखोर, नाफाखोर र कालोबजारीहरू सक्रिय भइसक्दा पनि सरकार सक्रिय नहुनुले उपभोक्ताले समस्या झेल्नुपर्ने निश्चित देखिन्छ । 'सामान नथुपार्नु' र 'कारबाही गर्छु' भन्ने सरकार जिम्मेवारमन्त्रीहरूको अभिव्यक्तिले मात्रै सरकारको जिम्मेवारी पूरा भएको ठान्नु भ्रम हो, गलत हो । प्रभावकारी बजार अनुगमन गरी वस्तुको आपूर्तिलाई सहज र सरल बनाउनु अहिलेको मुख्य आवश्यकता हो । गृह मन्त्रालयले कालोबजारीविरुद्ध कारबाही गर्न स्थानीय प्रशासनलाई निर्देशन त दिएको छ । अब त्यो कत्तिको प्रभावकारी कार्यान्वयन हुन्छ, त्यो भने हेर्न बाँकी नै छ ।

कोरोनाको कहरले मुलुकको अर्थतन्त्रमै असर पार्ने एशियाली विकास बैंकले जनाइसकेको छ । आन्तरिक माग, व्यापार तथा उत्पादन घट्ने, आपूर्तिमा अवरोध, पर्यटन गतिविधिमा कमी, स्वास्थ्यमा असरलगायतका कारण विश्व अर्थतन्त्रमा तीन खर्ब ४७ अर्ब अमेरिकी डलरसम्म क्षति हुनसक्ने आँकलन एसियाली विकास बैंक (एडीबी) ले गरेको छ । यो क्षति विश्वअर्थतन्त्रको ०.४ प्रतिशत हो ।

कोरोनाको असरले नेपालको अर्थतन्त्र पनि नराम्ररी प्रभावित हुने एडीबीले जनाएको छ । एडीबीले कोरोना भाइरसको असरस्वरूप नेपालको अर्थतन्त्रमा करिब ४ अर्ब रुपियाँसम्मको क्षति हुन सक्ने आकलन गरेको छ । कोरोनाकै कारण नेपालको आर्थिक वृद्धिदरको लक्ष्य प्रभावित हुने विश्लेषण नेपाली अर्थविदहरूले गरिसकेका छन् । नेपालमा कोरोना भाइरसको असर पर्यटन क्षेत्रमा सबैभन्दा बढी पर्ने एडीबीले उल्लेख गरेको छ । कोरोना भाइरसका कारण नेपालको पर्यटन क्षेत्रमा कुल गार्हस्थ्य उत्पादनको १.७५ प्रतिशत क्षति हुने आँकलन गरिएको छ । नेपालको अर्थतन्त्रमा महत्वपूर्ण हिस्सा ओगट्ने पर्यटन तथा वैदशिक रोजगारमा कोरोनाको गम्भीर असर देखिन थालेको छ । कोरोनाकै कारण नेपालको पर्यटन क्षेत्र तितरबितर भएको छ । पर्यटकमार्फत कोरोना भाइरसको संक्रमण फैलिन सक्ने सम्भावनालाई ध्यानमा राख्दै सरकारले घोषित नेपाल भ्रमण वर्षसमेत स्थगित गरिसकेको छ । कोरोना भाइरसकै कारण नेपालको वैदेशिक रोजगारी पनि प्रभावित बनिसकेको छ । कोरोना भाइरसका कारण नेपालबाट वैदेशिक रोजगारीका लागि विदेश जाने कामदारहरूको संख्या ७५ प्रतिशतले घटेको वैदेशिक रोजगार विभागका महानिर्देशक कुमारप्रसाद दाहालले बताएका छन् । यसको असर आगामी दिनमा नेपालको विप्रेषण आप्रवाहमा अवश्य पर्नेछ । विप्रेषणले नै धानेको नेपाली अर्थतन्त्रमा विप्रेषण आप्रवाहमा कमी आउनासाथ यहाँको अर्थतन्त्रमा पनि संकट देखिन सक्ने सम्भावनालाई नकार्न सकिन्न ।

कोरोना भाइरसका कारण नेपालको अर्थतन्त्रमा पर्ने दीर्घकालीन असर न्यूनीकरणका लागि सरकारले अहिलेदेखि नै सजगता, सतर्कता र संवेदनशीलता अपनाउनु आवश्यक छ । योभन्दा पहिले सम्भावित लकडाउनका कारण तत्काल हुनसक्ने वस्तुको बढ्दो मागका कारण हुन सक्ने र भइरहेको कृत्रिम अभाव र कालोबजारीलाई नियन्त्रण गरी आमउपभोक्तालाई राहत प्रदान गर्नु सरकारको मुख्य काम हो । उत्पादन, आयात र आपूर्ति व्यवस्थापनलाई चुस्तदुरुस्त बनाउन सरकार प्रयत्नशील रहनुपर्छ ।

# मधेशमा कोरोनासम्बन्धी सचेतना आवश्यक

**मधेशमा स्थानीय रूपमा धेरै स्थानमा हाट बजार लाग्ने गर्दछ । जहाँ धैरे मानिसको जमघट हुने गर्दछ र संक्रमणका अनेक थरी स्रोतहरू पनि सँगै उपलब्ध रहेको हुन्छ ।**



डा. रामदेव पण्डित

विश्व कोरोनाको आतंकबाट त्रसित छ । महाशक्ति राष्ट्रहरू पनि कोरोनाको प्रकोपबाट बच्न सकेका छैनन् । केही दिनअघि मात्र विश्व स्वास्थ संगठनले नेपाल कोरोना प्रकोपको उच्च जोखिममा रहेको देखाएको छ । तर हर्षको कुरा अहिलेसम्म कोरोना संक्रमण नेपाल प्रवेश गरेको आधिकारिक तथ्य बाहिर आइसकेको छैन ।

यस परिस्थितिमा नेपालमा प्रवेश गर्ने कोरोनाले मधेश एवं आम मधेशीहरूलाई प्रभावित गर्दैन भनेर चुपचाप बस्नु मुर्खता हुनेछ । किनकि कोरोना प्रकोपको उच्च जोखिममा रहेको नेपालमै मधेश पर्छ । जहाँका स्वास्थ संस्थाहरू सबल छैनन् । मधेशी जनतामा स्वास्थ एवं सरसफाइको चेतना स्तर कमजोर छ । त्यसैले कोरोनाबाट मधेश अन्य क्षेत्रभन्दा थप जोखिममा छ ।

कोरोना प्रकोपले ग्रसित चीनले नेपालका सबै सीमा बन्द गरिसकेको छ । नेपालको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने सबै अन्तर्राष्ट्रिय उडानहरू बन्द गरिएका छन् । भारतमा कोरोनाले प्रभाव परिसकेको छ २ जनाको मृत्यु भइसकेको छ भने सयौं संक्रमित भएका छन्, नेपालको भारतको खुल्ला सीमाक्षेत्रको अधिकांश क्षेत्र मधेशसँग जोडिएको छन् । जहाँ मान्छेहरू निर्वाध रूपमा नेपाल भारत आउने जाने गर्दैछन् । त्यसबाट मधेशमा संक्रमण अझ सजिलै प्रवेश गर्न सक्ने देखिन्छ । भारत तर्फबाट पनि चारवटा नाका मात्र खुल्ला गरिएको छ भने अन्य नाकाहरूमा मालवाहक सवारीसाधान मात्र आवातजावत गर्न सकिने व्यवस्था गरिएको छ, सीमा नाकामा हेल्थ डेस्कहरू सञ्चालन गरिएका छन् तर, यति मात्र कोरोना रोकथामको लागि पर्याप्त भने छैन । यदि मधेशमा कोरोना संक्रमण भित्रिए र फैलिन सुरू भए परिस्थिति के होला ? के मधेशका स्थानीय सरकारहरू र प्रदेश सरकारहरू यस कुराप्रति सचेत छन् त ? यस स्थितिमा मधेशका नेतृत्व वर्गहरू सचेत एवं संगठित रूपमा यस संवेदनशील विषयप्रति सक्रिय भएर लाग्नु आवश्यक छ ।

मेडिकल जर्नल अफ अष्ट्रेलिया र बेलायतबाट प्रकाशित हुने ल्यानसेट जर्नलमा प्रकाशित तथ्यांक अनुसार ९० प्रतिशत कोरोना संक्रमित मान्छेमा निम्न ३ प्राथमिक लक्षण देखिन्छ भनिएको छ १. ज्वरो, २. खोकी र ३. स्वास बढ्नु । यी ३ लक्षण देखिनेबित्तिकै स्वस्थ परीक्षण गर्नु गराउनु पर्दछ । यसका लागि स्थानीय सरकारले सहज वातावरण बनाई दिनुपर्छ ।

मधेशमा मास्क लाउने चलन कमै मात्र रहेको थियो । यतिबेला स्थानीय सरकारले मधेशी जनतालाई मास्को महत्व बताई उनीहरूलाई मास्क लगाउन प्रोत्सान गर्नुपर्छ । उनीहरूका लागि सहज र सुलभ रूपमा मास्क उपलब्ध गराइदिनु पर्छ । भारतले मास्क निर्यात बन्द गरिसकेको छ र नेपाल भारत खुल्ला सीमा क्षेत्रमा मास्कको तस्करी र कालोबजारी भइरहेको छ । त्यसलाई नियन्त्रण गर्न सक्नुपर्छ । मधेशमा अधिकांश जनता किसान छन् जसलाई पटक पटक हात धुने कुर सिकाउन र गर्न बाध्य बनाउन सहज छैन । यसका लागि स्थानीय सरकार सक्रिय बन्नुपर्छ ।

मधेशमा स्थानीय रूपमा धेरै स्थानमा हाट बजार लाग्ने गर्दछ । जहाँ धैरे मानिसको जमघट हुने गर्दछ र संक्रमणका अनेक थरी स्रोतहरू पनि सँगै उपलब्ध रहेको हुन्छ । ती हाट बजारलाई केही समयको लागि बन्द नै गर्नुपर्छ ।

जनजनलाई योगाभ्यास गर्न प्रेरित गर्नुपर्छ, भास्त्रिका, कपालभाँती र अनलोम विलोन प्राणायाम थप प्रभावकारी हुन्छ । माछा मासुको प्रयोग केही समय नगर्न सूचना प्रवाह गराउनु आवश्य छ । भोज भतेर पनि नगर्न गराउन सुचना प्रभावकारी रूपमा जारी गनुपर्छ ।

मधेशी जनता स्वयं पनि यसबेला सजगता अपनाउनु पर्छ । प्राकृतिक वनस्पतिजन्य खानेकुरा, व्यायाम, उपवास तथा तनावरहित सकारात्मक सोचबाट नै मानिसको इम्युनिटी शक्तिशाली हुन्छ । जसको लागि गुरूजी लत्तीको काँडा र तुलसीको पातको रस पनि इम्युनिटी बुष्टरको रूपमा प्रयोग गर्न सकिन्छ । पटक पटक गरी दिन भरी तातो पानी वा तातो पानीमा बेसार राखेर पिउनुपर्छ । घरबाट बाहिर निस्किँदा लहसुन र अदुवाको टुक्रा मुखमा राखेर सुपारी झैं चुस्ने गर्न सकिन्छ । सार्वजनिक यातायातको यात्रालाई सकेसम्म पन्छाउने, होटलमा खान नजाने, अन्य व्यक्तिसँग स्वास प्रस्वासबाट प्रभावित (सास जुध्ने स्थिति) बाट बच्नु नितान्त जरूरी छ ।

उपयुक्त खानाका रूपमा घरमै तयार गरिएको भेजिटेबल सुप, मुङको दाल, खिचडी, परम्परागत खानपानमा भात, रोटी, सलाद आदि स्वस्थकर खान सबैलाई प्रोत्साहन गर्नुपर्छ । लसुन, प्याज, नरिवलको तेलका साथ बनेका खानेकुराहरू, अल्मोन्ड बदाम, ओखर आदि चिजहरू पनि खाने सल्लाह दिनुपर्छ ।

हरेक तरिकाले जनजनले आफ्नो रोग प्रतिरोधात्मक क्षमतालाई सबल बनाइराख्ने प्रयत्न गनुपर्छ । संक्रमण फाटफुट रूपमा देखा पर्न थालेको अवस्थामा घरबाट बाहिर ननिस्कनु र घरलाई किटाणुनासक औषधीद्वारा सुरक्षित राख्नु जरूरी हुन्छ ।

मधेशमा होली एक विशेष पर्व मानिन्छ । यस वर्ष उल्लासको वातावरण नभएकोले, होली न मनाउन आग्रह गरिनुपर्छ । होलीमा हुने जमघटले कोरोना संक्रमण आउने सम्भावना रहन्छ । अतः यसबर्ष बर्ष होली पर्व पारिवारिक स्तरमा मात्र सिमित रही मनाउन सरकारले हार्दिक अपिल गनुपर्दछ ।

## सामाजिक सञ्जाल



पत्रकारितामा मान्छेको यति धेरै आकर्षण किन ? मान्छे थर्काउन पाईन्छ भनेर त होला ? पसलमा चिया गफ सुन्दैछु ।

- श्री ५ काले



सरकारले सार्वजनिक हितको लागि नियम बनाएको हो, नियम मान्नु सचेत व्यक्तिको कर्तव्य हो र नमान्नेका हुल देखाएर हेलो सरकार भन्ने अराजक हुन, सरकारले कर्फ्यु लगाए मात्रै हो सुनसान हुने । सभ्य शहरमा मान्छे घरमा बसेर रोग फैलन दिँदैनन, असभ्य शहरमा फोटो खिच्दै देखिस भन्छन् ।

– महेश क्षेत्री



दुःखमा पनि दुःख थपिदिनेहरूको हिसाब केवल क्षमाले मात्र मिलाउँछ । तर समय चाहिँ लाग्छ ।

– नारायण अमृत



धातु र शिसामा १२ र कपडाहरूमा ६ घण्टासम्म कोभिड–१९ को जिवाणु जीवित रहन्छ । यसैले घरको नियमित ह्याण्डगरलाई बढि प्रयोग नहुने स्थानमा सार्ने वा जिवाणु मर्ने स्प्रे छर्कनु पर्छ भन्ने सल्लाह चिकित्सकहरूले दिएका छन् ।

– दिपक खरेल



जे पायो त्यहि भनेर मान्छेलाई डिप्रेसन गर्न पाइदैन सहि समाचार सम्प्रेषण गरौं । अफवाह फैल्याउने भाइरसहरूलाई कारवाई गर सरकार ।

- विष्णु सवेदी

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

## कोरोनाबाट इटालीमा एकैदिन ६२७ जनाको मृत्यु

# विश्वभर गयो ११ हजार ४१७ को ज्यान

**रोम/एजेन्सी-** कोरोनाभाइरसको सङ्क्रमणका कारण इटालीमा एकै दिन ६४७ जनाको मृत्यु भएको इटालीका स्वास्थ्य अधिकारीले बताएका छन्। यो सहित इटालीमा मृत्यु हुनेको सङ्ख्या चार हजार ३२ पुगेको छ।

एक महिनाअघि भाइरसको सङ्क्रमण देखिएयता इटालीमा भयावह अवस्था सिर्जना भएको छ। चीनपछि सबैभन्दा बढी व्यक्तिको इटालीमा मृत्यु भएको छ भने सङ्क्रमित व्यक्तिको सङ्ख्या पनि चीनपछि इटालीमै देखिएको छ। चीनमा करिब तीन हजार २५५ जनाको मृत्यु भएको थियो।

इटालीको नागरिक सुरक्षा निकायका अनुसार इटालीमा कूल सङ्क्रमितको सङ्ख्या ४७ हजार २१ पुगेको छ। अघिल्लो दिनको तुलनामा शुक्रबार यो सङ्ख्या करिब १४.६ प्रतिशतले वृद्धि भएको हो।

इटालीको राष्ट्रिय स्वास्थ्य इन्स्टिच्यूट (आइएसएस)का अनुसार मृत्यु भएका व्यक्तिको औसत उमेर ७८.५ वर्ष रहेको छ। मृत्यु भएकामध्ये सबैभन्दा कम उमेरका व्यक्ति ३१ वर्षका थिए भने सबैभन्दा बढी उमेरका व्यक्ति १०३ वर्षका थिए। त्यस्तै मृत्यु भएकामध्ये ४१ प्रतिशत ८० देखि ८९ वर्षका तथा ३५ प्रतिशत व्यक्ति ७० देखि ७९ वर्ष उमेरका थिए।

इटालीमा जापानपछि विश्वमै सबैभन्दा बढी बुढ्यौली उमेरका व्यक्ति रहेका छन्। मुलुकको कूल जनसङ्ख्याको करिब २३ प्रतिशतको उमेर ६५ वर्षभन्दा माथि छ। चिकित्सा विज्ञको भनाइमा विश्वका अन्य भागको तुलनामा यहाँ मृत्युदर बढी किन भइरहेको छ भन्ने यही तथ्याँकले नै पुष्टी गर्दछ।

मृत्यु भएका तीन हजार २०० व्यक्तिको सर्वेक्षणका आधारमा तयार पारिएको आइएसएसको प्रतिवेदनमा मृतकमध्ये ७०.६ प्रतिशत पुरुष र २९.४ प्रतिशत महिला रहेको उल्लेख छ। तुलनात्मकरुपमा कोरोना सङ्क्रमित व्यक्तिको औसत उमेर ६३ वर्ष रहेको छ।



अध्ययनमा समेटिएका ४८१ जना मृतक व्यक्तिको गहिरो विश्लेषण गर्दा झण्डै ९९ प्रतिशतमा एक वा त्योभन्दा बढी किसिमका रोगबाट पीडित भएको देखिएको छ। करिब ७३.८ प्रतिशत व्यक्तिमा उच्च रक्तचाप थियो भने ३४ प्रतिशतमा मधुमेह र ३०.१ प्रतिशतमा मुटुरोग थियो।

अस्पतालमा भर्ना हुँदा ७६ प्रतिशतमा ज्वरो आएको थियो भने ७३ प्रतिशतलाई श्वासप्रश्वासमा समस्या देखिएको थियो। करिब ४० प्रतिशतमा खोकी थियो भने आठ प्रतिशत व्यक्तिमा झाडापखाला लागेको थियो।

प्रतिवेदनमा औसतरुपमा रोगको लक्षण देखिएपछि आठ दिनभित्र मानिसको मृत्यु उल्लेख छ। यी मानिस औसतमा चार दिनमात्र अस्पतालमा भर्ना भएको पाइएको छ।

सर्वेक्षणमा समेटिएका तीन हजार २०० मृत्युमध्ये नौ जना मात्र ४० वर्षभन्दा मुनिका थिए।

**विश्वभर ११ हजार ४१७ जनाको मृत्यु**

विश्वभर महामारीको रुप लिएको कोरोनाभाइरसको सङ्क्रमणबाट शनिबारसम्म ११ हजार ४१७ जनाको मृत्यु भएको छ, र यो सङ्ख्या दिनहुँ बढ्दो क्रममा रहेको छ।

विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको विवरणअनुसार सङ्सारभर दुई लाख ७६ हजार व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन्।

सङ्क्रमित व्यक्तिमध्ये ९१ हजार ९५४ जना उपचारपछि घर फर्किएका छन्। एक लाख ७३ हजार व्यक्ति हाल सङ्क्रमित रहेका छन्। कोरोना भाइरस कोभिड-१९ को सङ्क्रमण हालसम्म १७६ भन्दा बढी देशमा देखा परिसकेको छ।

चीनको हुबे प्रान्तको उहान शहरबाट सुरु भएको कोभिड-१९ लाई विश्व स्वास्थ्य सङ्गठनले 'विश्वव्यापी महामारी'को सङ्ज्ञा दिएको छ। कोरोनाभाइरस सङ्क्रमणबाट चीनभरी तीन हजार २५५ व्यक्तिको मृत्यु भएको छ भने ८१ हजार जना सङ्क्रमित भएका थिए।

चीनले अपनाएको उच्चतम सतर्कता, हुबे प्रान्तको राजधानी उहानसहित प्रान्तभर आवतजावतमा गरिएको प्रतिबन्ध, तत्काल उपचारसमेतका आपतकालीन व्यवस्थाले सङ्क्रमित व्यक्तिको मृत्युदर कम रहेको मानिएको छ।

हाल कोरोनाभाइरसका कारण अत्यन्त प्रभावित इटालीमा चार हजार ३२ जनाको मृत्यु भइसकेको छ। बुढ्यौली जनसङ्ख्या बढी रहेको इटालीमा दैनिक मृत्युदर निकै कहालीलाग्दो अवस्थामा रहेको छ। हाल ३७ हजार ८६० जना सङ्क्रमित रहेको इटालीमा पाँच हजार १२९ व्यक्ति उपचारपछि घर फर्किएका छन्।

मध्यपूर्वका राष्ट्रमध्ये इरानमा कोरोना भाइरसको सङ्क्रमण सबैभन्दा डरलाग्दो अवस्थामा छ। यहाँ कोरोनाकै कारण एक हजार ४३३ व्यक्तिको मृत्यु भइसकेको छ भने ११ हजार ४६६ जना सङ्क्रमित रहेका छन्। छ हजार ७४५ जना उपचारपछि घर फर्किएका बताइएको छ।

स्पेनमा कोरोना भाइरसको सङ्क्रमणको कारण एक हजार ९३ व्यक्तिको मृत्यु भएको छ। हाल १८ हजार ८९० जना सङ्क्रमित रहेका छन्। शनिबार प्राप्त समाचारअनुसार एक हजार ५८८ व्यक्ति उपचारपछि निको भएर घर फर्किएका छन्। जर्मनीमा ६८ जनाको मृत्यु भएको छ भने १९ हजार ६०० जना सङ्क्रमित रहेका छन्। उपचारपछि १८० जना घर फर्किएका छन्।

सङ्युक्तराज्य अमेरिकामा २७५ व्यक्तिको मृत्यु भएको छ। हाल १९ हजार ३५२ जना सङ्क्रमित रहेका छन् भने १४७ जनाको उपचार गरिएको छ। फ्रान्समा ४५० जनाको मृत्यु भएको छ। हाल १० हजार ५७५ जना सङ्क्रमित रहेका छन्। दक्षिण कोरियामा १०२ जनाको मृत्यु भइसकेको छ भने छ हजार ८५ जनामा अझै पनि सङ्क्रमण छ।

कोरोनाभाइरस सङ्क्रमणका कारण स्वीजरल्याण्डमा ५६ जना, बेलायतमा १७७ जना, नेदरल्याण्ड्समा १०६ जना, बेल्जियममा ३७ जना र जापानमा ३५ जनाको मृत्यु भएको छ।

भारतमा हालसम्म कम्तीमा २७० जनामा कोरोनाभाइरसको सङ्क्रमण देखिएको छ। पाँच जनाको मृत्यु भइसकेको भारतमा मोदी सरकारले आइतबार एक दिन "जनता कर्फ्यु" लागू गर्न र घरबाहिर कोहीपनि ननिस्कन आह्वान गरेको छ।

दक्षिण एसियाली अन्य मुलुक श्रीलङ्कामा ७३, अफगानिस्तानमा २४, बङ्गलादेशमा २०, माल्दिभ्समा १३ र भुटानमा दुई जना सङ्क्रमित देखिएका छन्।

नेपालमा भने हालसम्म एक व्यक्तिमा कोरोना सङ्क्रमणको आशङ्का गरिए पनि उनी उपचारपछि घर फर्किसकेका छन्, र नयाँ सङ्क्रमित व्यक्ति भेटिएका छैनन्।

**बच्चालाई जन्म दिएपछि आमाको मृत्यु**

पोल्यान्डमा एक २७ वर्षीया स्वस्थ महिलाले बच्चालाई जन्म दिएलगत्तै कोरोना सङ्क्रमण भएर मृत्यु भएको छ। नाम सार्वजनिक नगरिएकी ती महिलासहित पोल्यान्डमा मृत्यु हुनेको सङ्ख्या छ पुगेको छ।

विश्वमै यति कम उमेरमा कोरोना सङ्क्रमण भएर मृत्यु भएकी उनी पहिलो महिला भएको मानिएको छ। ती महिलालाई आफ्नै आमाबाट कोरोनाभाइरस सङ्क्रमण भएको मानिएको छ। उनकी आमा भर्खर इटालीको भ्रमण गरेर फर्किएकी र उनैबाट छोरीमा कोरोना सङ्क्रमण भएको मानिएको छ।

पोल्यान्डका सङ्चार माध्यमले ती महिलाले जन्माएको बच्चा स्वस्थ रहेको बताएका छन्।

## अफगानिस्तानमा सात लडाकूको मृत्यु

**काबुल/एजेन्सी-** अफगानिस्तानको पूर्वीकापिसा प्रान्तमा शनिबार भएको गोली हानहानमा सरकार समर्थित चार जना लडाकू र विद्रोही तीन जना लडाकूको मृत्यु भएको छ।

प्रान्तीय प्रहरी प्रवक्ता अब्दुल करिम शेखले तालिबान लडाकूको एक समूहले निजरब जिल्लाको एक प्रहरी चौकीमा शनिबार बिहान आक्रमण गरेको बताए। दुवैतर्फ झण्डै एक घण्टा गोली हानाहान भएको प्रवक्ता करिमले जानकारी दिए।



तालिबान र अमेरिकाबीच शान्ति सम्झौता भएपनि अफगान सरकार र तालिबानबीच वार्ता हुन सकेको छैन। खासगरी अफगानिस्तानका जेलमा रहेका पाँच हजार तालिबानी लडाकूलाई बिनाशर्त छाड्नुपर्ने तालिबानको मागलाई अफगान सरकारले अस्वीकार गरेका कारण दुबै पक्षबीच वार्ता हुन सकेको छैन।

शुक्रबार राति तालिबानको आक्रमणमा दक्षिणी जाबुल प्रान्तमा दुई दर्जनभन्दा बढी सैनिकको ज्यान गएको थियो।

## अमेरिकी शेयर बजारमा भुइँचालो, डाउजोन्स ९०० अङ्कले घट्यो

**न्यूयोर्क/एजेन्सी-** अमेरिकी शेयर बजार वाल स्ट्रीट सातामा जसरी शुरुवात भएको थियो अन्त्य पनि त्यस्तै भयो, अर्थात् शेयर बजारमा कोरोनाभाइरसको असर पूरै देखियो। शेयर बजारमा द्रुत गतिमा गिरावट आउनुका साथै तेलको मूल्यमा भारी कमी भयो।

कोरोनाको महामारी फैलिन नदिने उपायस्वरुप अमेरिकी सङ्घीय र राज्य सरकारले देशको अर्थतन्त्रभन्दा मानिसको स्वास्थ्यलाई प्राथमिकता दिएपछि शेयर बजारमा मन्दी छाउनु स्वाभाविक थियो।

एसियाली शेयर बजारमा केही सुधार देखिए पनि अमेरिकाकै प्रतिष्ठित शेयर सूचक डाउजोन्स औद्योगिक समूह एकै दिन ९०० अङ्कले घट्यो। सातामा डाउजोन्स १७.३ प्रतिशत घटेको छ। पछिल्ला पाँच हप्तामध्ये चार हप्तामा शेयर सूचकाङ्कमा लगातार गिरावट आएको छ।

ट्रम्प प्रशासनले गरेको आर्थिक सहयोगसम्बन्धी घोषणाबाट एक दिन थामिएको शेयर बजारमा अरु दिन भुइँचालो नै गएको थियो। सन् २००८ को वित्तीय सङ्कटका कारण शेयर बजारमा देखिएको मन्दीपछि यो नै सर्वाधिक खराब हप्ता रह्यो।

लगानीकर्ता कोरोनाभाइरसले अमेरिका र अन्य प्रमुख अर्थतन्त्रहरुलाई गहिरो मन्दीमा धकेल्ने त होइन भनेर चिन्तित भएका छन्। प्रकोप फैलिन नदिन सरकारले अबलम्बन गरेका नीतिले अर्थव्यवस्थामा कठिनाई आउनुका साथै कर्मचारी कटौतीको सम्भावना बढाएका छन्।

केन्द्रीय बैङ्क र सरकारले आर्थिक क्षतिलाई कम गर्न आपतकालीन कार्यक्रम घोषणा गरिरहेका छन् तर यो अपर्याप्त कदम रहेको भन्दै आलोचना हुन थालेको छ। मानिस विश्व अर्थतन्त्रको पहिलो नम्बरमा रहेको अमेरिकामा नोक्सान सहनु परेका घरपरिवार र उद्योगलाई ट्रम्प प्रशासनले अर्बौं डलरको राहत उपलब्ध गराउने अपेक्षा गरिरहेका छन्।

'कोरोनाभाइरसले अर्थव्यवस्थालाई शिथिल बनाउँदैछ,' एल्ली इन्भेस्टकी प्रमुख लगानी रणनीतिकार लिन्ड्से बेलले बताइन्। यहीबीच, तेलको माग घटेपनि उत्पादन बढाइएका कारण तेलको मूल्यमा कमी आएको छ। 'यो अर्थतन्त्रको लागि दोहोरो धक्का हो,' उनले अगाडि थपिन्।

न्यूयोर्कका गभर्नर एन्ड्र्यू कुमोले अधिकाङ्श कामदारलाई घरमै बस्न आदेश दिएपछि शुक्रबार शेयरको बिक्री एकाएक बढेको थियो। क्यालिफोर्नियाले यस्तै उपाय घोषणा गरेको एक दिन पछि न्यूयोर्कले यो घोषणा गरेको थियो। न्यूयोर्क र क्यालिफोर्नियामा अब रेष्टुरेन्ट, खुद्रा बिक्रेता र अन्य व्यवसाय बन्द गरिएका छन्।

यी उपायले पनि खनिज तेलको माग घटाउने छ। अमेरिकी कच्चा तेलको मूल्यमा करिब २१ प्रतिशत गिरावट आएको छ र यो सन् २००२ को फेब्रुअरीपछि पहिलो पटक प्रति ब्यारेल २० डलरभन्दा तल पुगेको छ।

लगानीकर्ता बजारको वर्तमान अस्थिरतालाई रोक्न कोरोनाभाइरसको नयाँ सङ्क्रमण रोकिनुको विकल्प नरहेको बताउँछन्।

वेल्स फार्गो इन्भेस्टमेन्ट इन्स्टिच्युटका ग्लोबल मार्केट रणनीतिकार, पल क्रिस्टोफरले भने, 'हामीलाई थाहा छैन, अर्को दुई हप्तामा के हुने हो। अन्य देशमा जस्तै सङ्क्रमणको चक्रमा अमेरिका फस्यो भने त्यसबेला आँधी आउनेछ।'

विश्वभर कोरोनाभाइरसको सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या ११ हजार ४०० भन्दा बढी पुगिसकेको छ। विश्वव्यापीरूपमा दुई लाख ७६ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन्। यीमध्ये करिब ९२ हजार मानिस निको भएका छन्।

अधिकाङ्श व्यक्तिमा कोरोनाभाइरसको हल्का वा मध्यम लक्षण निम्त्याएको पाइन्छ, जस्तै ज्वरो र खोकी लाग्नु। तर हल्का बिरामी भएका करिब दुई हप्तामा निको भएको पाइएको छ। विशेषगरी वृद्ध र पहिल्यैदेखि स्वास्थ्य समस्या भएका व्यक्तिमा निमोनियालगायतका गम्भीर अवस्था देखिन सक्छ र यस्तो परिस्थितिमा स्वास्थ्यलाभका लागि कम्तीमा छ हप्ता लाग्नेछ।

## उत्तर कोरियाद्वारा दुई क्षेप्यास्त्र प्रहार



**सोल/एजेन्सी-** उत्तर कोरियाले छोटो दुरीका दुई ओटा क्षेप्यास्त्र प्रहार गरेको दक्षिण कोरियाले जनाएको छ।

दक्षिण कोरियाका सैन्य अधिकारीका अनुसार उत्तर कोरियाले शनिबार समुद्रको पूर्वीजलक्षेत्रतर्फ क्षेप्यास्त्र हानेको हो। विश्वभरी कोरोनाको सङ्क्रमण फैलिइरहेको बेलामा उत्तर कोरियाले क्षेप्यास्त्र प्रहार गरेको हो।

कोरोनाको सङ्क्रमबाट विश्व नै आक्रान्त भइरहेको बेलामा उत्तर कोरियाले क्षेप्यास्त्र प्रहार गर्न अति नै असान्दर्भिक भएको दक्षिण कोरियाका अधिकारीले टिप्पणी गरेको छ। उनीहरुले यस्ता असान्दर्भिक र अशोभनीय कार्य तत्काल रोक्न पनि उत्तर कोरियालाई आग्रह गरेका छन्।

उत्तर कोरियामा अहिलेसम्म कसैलाई पनि कोरोना भाइरसको सङ्क्रमण नभएको दावी गरिएको छ। कोरोना भाइरसका कारण अहिलेसम्म विश्वभरी दुई लाख ७६ हजार ४६८ जना सङ्क्रमित भएका छन् भने ११ हजार ४१७ जनाको मृत्यु भएको छ।

जापानको रक्षा मन्त्रालयले पनि उत्तर कोरियाले क्षेप्यास्त्र प्रहार गरेको पुष्टि गरेको छ।


### कम्पनी गाभिएको सूचना

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०७६/०४/०१ गते सम्पन्न संयुक्त मर्जर समितिको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम **अल अयूनी ओभरसिज सर्भिसेज प्रा.लि. नं. (८२९४०)** मा **स्नेहा ओभरसिज प्रा.लि. नं. (७६५१०)** लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पुर्ण सम्पती र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरि **अल अयूनी ओभरसिज सर्भिसेज प्रा.लि. (८२९४०)** लाई **स्नेहा ओभरसिज प्रा.लि. नं. (७६५१०)** मा गाभ्न मिति २०७६/०५/१७ को निर्णयानुसार सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### Free Visa ! Free Ticket ! Free Services Charge सहित Malaysia मा रोजगार

कम्पनी : DUTCH LADY MILK INDUSTRIES BERHAD, SELANGOR
पूर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१५३६३१ LT. No.: 235193

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 47 | 0 | स. काममा दक्ष | 1200 | ३२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा चैत १६ गते (29 March 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

### Free Visa ! Free Ticket ! Free Services Charge सहित OMAN मा रोजगार

कम्पनी : PERFECT REFLECTION, MUSCAT
पूर्व स्वीकृत मितिः २०७६/१२/०७ चलानी नं.: ६०१५३६४३ LT. No.: 235147

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Building Cleaners | 20 | 5 | स. काममा दक्ष | 100 | ३१,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा चैत १६ गते (29 March 2020) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत नं. ३०९/०५९/६०
International Manpower Recruitment (P) Ltd.
Balkumari, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348

### मलेशियामा रोजगार

1. Company : SIN WEE SEND IND.SDN.BHD. City : MALAYSIA
पूर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१५३६३८ L.T. No.: 235213

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 0 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. Company : JUNG HANN SDN BHD City : MALAYSIA
पूर्व स्वीकृत मितिः २०७६/११/२० चलानी नं.: ६०१५२८८९ L.T. No.: 234067 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 6 | 0 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १६ गते (29 March 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

अरोरा ह्युमेन रिसोर्स प्रा. लि.
कुपण्डोल-१०, ललितपुर, फोनः ०१-५२६१०६३, ५२६०८१०, फ्याक्सः ०१-५१६१०५९
E-mail: aurorashrpl@gmail.com, Web.: www.auroranepal.com
श्रम इजाजत नं. ७३६/०६४/०६५

### शुन्य लागत (ZERO COST) मा मलेशियामा रोजगार

कम्पनीः WAHAD SAFEGUARD (M) SDN. BHD.
पूर्व स्वीकृत मितिः २०७६/०९/२५ चलानी नं.: ६०१४९८९५ LT. No.: 230640 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1100 | ३०,७२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत २३ र २४ गते (5 & 6 April 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Empire International Pvt. Ltd. Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal, Phone No.: 4621348, 9864224814

# बक्स अफिस समाचार

## रेखाको अपिल, 'सावधान हौं, आतंकित नबनौं'

**मध्यान्ह संवाददाता**
काठमाडौं/८ चैत्र



विश्वव्यापी महानमारी बनेको कोभिड-१९ का कारण नेपालमा त्रास फैलिएको छ । अहिलेसम्म कसैमा यसको संक्रमण नदेखिए पनि डब्लूएचओले नेपाललाई कोरोनाको उच्च जोखिममा राखेको छ । जसले गर्दा हरेकको मनमा त्रास उत्पन्न भएको छ । यसको संक्रमणबाट बच्न सरकारले सार्वजनिक यातायात बन्द गर्नेदेखि अत्यावश्यक कामबाहेकका सेवा बन्द गर्ने निर्णय गरिसकेको छ ।

कोरोनाको जोखिम न्यूनिकरणका लागि सरकारले सिनेमा हलदेखि फिल्मको छायांकन र प्रदर्शन रोक्न निर्देशन दिएपछि वर्षभरी सुटिङमा व्यस्त हुने कलाकारहरु अहिले घरको चारकुनामा खुम्चिएका छन् । फिल्मकर्मीहरुले सर्तकता अपनाउन पनि दर्शकहरुलाई आग्रह गरिरहेका छन् ।

बैशाखबाट नयाँ फिल्मको छायांकनमा व्यस्त हुने तयारीमा रहेकी अभिनेत्री रेखा थापा पनि कोरोनाको त्रासका कारण केही दिनयता घरबाट बाहिर निस्किएकी छैनन् । कोरोनाका कारण फिल्मको छायांकन नहुने भएपछि उनले अहिले सामाजिक सञ्जालमार्फत् दर्शकहरुलाई सावधानी अपनाएर घरमै रहन आग्रह गरिरहेकी छन् । उनले सरकारले गरेको निर्णयको पनि स्वागत गरेकी छन् ।

उनले आफ्नो आधिकारिक फेसबुकबाट सबैलाई सावधान रहन आग्रह गरेकी छन् । एक भिडियो सन्देश मार्फत उनले कसैसँग हात नमिलाउन र अंकमाल समेत नगर्न आग्रह गरेकी हुन् । उनले लेखेकी छन्, 'सावधान हौं, आतंकित नहौं । सरकारले गरेको अपिललाई मनन् गरेर अत्यावश्यक काम बाहेकमा घर बाहिर ननिस्कौं ।' दुई हात जोडेर नमस्कार गर्न सबैलाई अनुरोध गरेकी छन् ।

## आनाको हातमा अर्को फिल्म



**काठमाडौं/मस-** नायिका आना शर्मा लामो समय कामविहिन बनिन् । कुनै चलचित्रकर्मीलाई नपत्याउँदा उनी लामो समय उनी कामबिहिन बनेकी हुन् । अनमोल केसीसँग 'जेरी' मार्फत चलचित्र क्षेत्रमा प्रवेश गरेकी थिइन् ।

झण्डै एक वर्षपछि भने उनको हातमा नयाँ चलचित्र परेको छ । अर्पण थापाको निर्देशनमा बन्न लागेको चलचित्र 'लिम्बो' मा उनी अनुबन्धित भएकी हुन् । अर्पणले छायांकनरत फिल्म 'तीन जन्तु' को छायांकन भ्याएपछि 'लिम्बो' सुरु गर्नेछन् । मनोवैज्ञानिक थ्रिलर जनरामा निर्माण हुन लागेको यो फिल्मले आनाको धर्मराएको फिल्मी करिअरलाई उकास्न मद्दत गर्ने निर्माण पक्षको अपेक्षा छ ।

'जेरी' पछि आनाले लामो समय अध्ययनका कारण चलचित्र क्षेत्रबाट टाढा रहिन् । जब उनी दोस्रो फिल्म गर्न राजी भइन् त्यसबेलासम्म दर्शकले उनलाई बर्सिसकेका थिए । उनले साइन गरेको दोस्रो फिल्म निर्देशक विसीकै 'ग्यांगस्टार ब्लूज' थियो । प्रदर्शन अगाडि फिल्मको बज राम्रो थियो । तर, फिल्मले बक्सअफिसमा भने सुखद व्यापार गर्न सकेन ।

यो फिल्म रिलिजको झण्डै एक वर्ष उनी कामविहीन भइन् । 'जेरी' पछि उनलाई लिएर फिल्म बनाउने सोच बनाएका मेकर पनि तर्किए । बल्लतल्ल उनको हातमा एक वर्षपछि 'द म्यान फ्रम काठमाण्डू' नामक फिल्म पर्‍यो । यसमा उनी लिड रोलमा थिइन् । नेपाली र विदेशी कलाकारको अभिनय भएकाले फिल्मलाई पहिलो नेपाली हलिउड फिल्मको रुपमा प्रचार गरिएको थियो ।

तर, यो फिल्मले पनि हलमा घुँडा टेक्यो । लगातार दुई फिल्म असफल भएपछि अभिनेत्री शर्माको फिल्मी करिअर संकटमा परेको थियो । अब 'लिम्बो' ले उनको फिल्मी करियरको निर्णय गर्नेछ ।

## स्व. अभिनेत्री महिमाको परिवारलाई आर्थिक सहयोग



**चितवन/मस-** नेपाल चलचित्र कलाकार संघले स्कुटर दुर्घटनामा परेर निधन भएकी स्वर्गीय अभिनेत्री महिमा सिलवालको परिवारलाई आर्थिक सहयोग गरेको छ । नेपाल चलचित्र कलाकार संघको युके च्याप्टर अध्यक्ष लिम्बु केसीले रोमियनबाट संकलन गरेको २६ हजार र नेपाल चलचित्र विकास बोर्डको २५ हजार गरी ५१ हजार रुपैयाँ आर्थिक सहयोग गरिएको हो । संघको टोलीले भरतपुर महानगरपालिका-१४ स्थित घरमा पुगेर उनको बुबालाई रकम हस्तारन्तण गरेको थियो । टोलीमा संघका अध्यक्ष रविन्द्र खड्का, उपाध्यक्ष एवं प्रवक्ता मोहन निरौला, महासचिव चेतबहादुर सिंह र केन्द्रीय सदस्य रामेश्वर बुर्लाकोटी लगायतले महिमा परिवार प्रति समवेदना प्रकट गरेका थिए । समवेदना प्रकट गर्दै अध्यक्ष खड्काले महिमाको निधनले चलचित्र क्षेत्रलाई अपुरणीय क्षती पुगेको बताए ।

स्वर्गीय महिमाले विभिन्न म्युजिक भिडियोसँगै एक दर्जन भन्दा बढी चलचित्रमा अभिनय गरेकी थिइन । चलचित्र 'कारवाही' मार्फत सिने क्षेत्रमा प्रवेश गरेकी महिमाका केही प्रदर्शनमा आउन बाँकी चलचित्र पनि छन् । माघ २९ गते काठमाडौंबाट चितवन जाने क्रममा धादिङमा बसको ठक्करबाट उनी र बहिनी शर्मिला सिलवालको निधन भएको थियो ।

## खुल्न थाले चीनमा सिनेमा हल




**एजेन्सी ।** कोरोना भाइरसको संक्रमणले विश्वव्यापी महामारीको रुप लिएपछि बन्द भएका चीनका सिनेमा हलहरु खुल्न थालेका छन् । पछिल्लो समय करिब १७ वटा सिनेमा हल खुला भएका हुन् । एक फिल्म टिकट एपलेति हलहरूले पहिलो दिनमा १ हजार ७० डलर कलेक्सन गरेको छ ।

गत हप्तादेखि चीनको सुदूर क्षेत्रका थिएटरहरू व्यवसायमा फर्केका हुन् । विश्वभर फैलिएको कोरोनाका कारण कयौं ठूला फिल्मको चीन रिलिज रद्द भएको थियो । त्यस्तै, चीनका पनि ठूला फिल्म लुनार ईयरको समयमा प्रदर्शन गरिएन । कोरोनाका कारण हलिउडका सबै फिल्मको रिलिज पोस्टपोन्ड भएपछि चीनमा पुनः खुलेका हलहरुले पुराना फिल्म चलाइरहेका छन् ।

फिल्म संकटबाट बाहिर निस्कन चाइना फिल्म ब्यूरोले सिनेमा हललाई केही स्क्रिनिङ अप्सन दिएको छ । ब्यूरोले सिनेमा घरमा देखाउनका लागि पाँच पुराना हिट फिल्म दिएको छ । प्रदर्शन हुने ती पाँच हिट फिल्मको कमाई हल सञ्चालकलाई नै हुनुपर्ने मागसहित रेग्यूलेटर्सले सरकारसँग कुरा राखेका छन् । एक फिल्मका राइट होल्डरले यो कोशिशलाई च्यारिटी बताएका छन् ।

एक वेबसाइटसँग कुरा गर्दै आईम्याकका सीईओ रिचर्ड गेलफन्डले सबै सिनेमा कम्पनी संकटमा रहेको र उनीहरूलाई चाँडै सहयोग गरिएन् भने समस्यामा पर्ने बताए । कोरोनाका कारण चीनका ७० हजार हल बन्द छन् ।

## किन चल्यो रणवीर-आलियाको ब्रेकअपको हल्ला ?



**एजेन्सी ।** बेला-बेला बलिउड अभिनेता रणवीर कपुर र अभिनेत्री आलिया भट्टको प्रेम चर्चा हुन्छ । सुन्दर जोडीको उपमा पाएका उनीहरूबीचको प्रेम लोभलाग्दो नै मानिन्छ ।

केही दिनदेखि रणवीर कपुर र आलिया भट्टको ब्रेकअपको समाचार आइरहेको छ । आलियाको जन्मदिनमा रणवीर नदेखिएपछि ब्रेकअपको समाचार बाहिरिएको हो । नायिका आलिया भट्टको जन्मदिन पार्टीमा रणवीर देखिएनन । रणवीरको उपस्थिति नभएपछि धेरैले त्यहीँ समय ब्रेकअप भएको शंका गरेका हुन् । तर, आलिया निकट साथीले जन्मदिनमा रणवीर र आलियाबीच भेट भएको बताएका छन् । आलियाको लागि रणवीरले गिफ्ट पनि दिएका थिए । तर, व्यस्त समयका कारण पार्टीमा भने रणवीर उपस्थित हुन सकेनन ।

हालै नायिका आलिया भट्टले एक तस्विर पोष्ट गर्दै तस्विर क्रेडिट रणवीरलाई दिएकी छिन् । घाम तापिरहेको तस्विरमा उनले लेखेकी छिन्, 'सुरक्षित बस्नुस, न्यानो बस्नुस् । तस्विर मेरो मनपर्ने फोटोग्राफर आरके ।'

आलियाले यस तस्विर पोष्ट गरेपछि रणवीर र आलियाबीच कुनै मनमुटाव नभएको अनुमान गरिएको छ । आलिया र रणवीर अहिले सँगै क्वारेन्टाइनमा बसिरहेका छन् ।

कोभिड-१९ का कारण उनीहरू दुवैजना सँगै क्वारेन्टाइनमा बसेका हुन् ।


अनुसूचि-१५
दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७६/१२/०९ गते**

श्री कृष्ण सामुदायिक वन उपभोक्ता समूह भेरीगंगा न.पा.-१२, सुर्खेतको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको (ए) ग्रेड साल गोलिया काठ २ थान ३३.४२ क्यू.फिट, (बी) ग्रेड साल गोलिया काठ ९ थान १०४.४२ क्यु.फिट, (सि) ग्रेड साल गोलिया काठ १११ थान ४२३.२७ क्यू.फिट गरी साल गोलिया काठ कुल १२२ थान ५६१.११ क्यू.फिट काठ, (ए) ग्रेड साज गोलिया काठ ३ थान ४९.९५ क्यू.फिट, (बी) ग्रेड साज गोलिया काठ १९ थान १८५.२५ क्यू.फिट गरी २२ थान २३५.२० क्यू.फिट, (ए) ग्रेड सल्लो गोलिया काठ ७ थान ११५.२१ क्यू.फिट, (बी) ग्रेड सल्लो गोलिया काठ २० थान १२९.२४ क्यू.फिट गरी २७ थान २४४.४५ क्यू.फिट, ट्यामुनो गोलिया काठ २ थान १२.५७ क्यू.फिट, बोडधाइरो गोलिया काठ ३ थान ८.९३ क्यू.फिट गरी कुल १७६ थान १०६२.२६ क्यू.फिटका साथै साल जातको दाउरा ४.२५ चट्टा र अन्य जातको दाउरा १ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस श्री कृष्ण सामुदायिक वन उपभोक्ता समूहको कार्यालय भेरीगंगा न.पा.-१२, सुर्खेतका सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कृष्ण सामुदायिक वन उपभोक्ता समूह**
**भेरीगंगा न.पा.-१२, सुर्खेत**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६/१२/०९

ग्लोवल अनलाइन पे प्रा.लि.को मिति २०७६।११।२० गते बसेको विशेष साधारण सभाले यस कम्पनीको नाम परिवर्तन गरी ग्लोबल अनलाइन पे इन्टरनेशनल प्रा.लि.(Global Online Pay International Pvt.Ltd) राख्ने निर्णय गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट समेत मिति २०७६।१२।०४ मा स्वीकृति पाई सकेको कुरा सरोकारवाला तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**मलेशियामा रोजगार** | कम्पनी : **MOEM HOLDINGS SDN BHD** शहर: **JALAN**

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ | चलानी नं.: ६०१५३६३२ | LT. No.: 235239

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Factory Workers | 33 | 0 | स. काममा दक्ष | 1200 | ३२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १६ गते (29 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.**
धुम्बाराही, काठमाडौं, नेपाल, फोन : ४४२७०६१, ४४२७०६५ फ्याक्सः ०१-४४२८०४५
Email : info@sesnepal.com, gsesnepal@gmail.com, Website. www.sesnepal.com
श्रम इजाजत नं.: ६७८/०६३/०६४

**मलेसियामा रोजगारको अवसर** | कम्पनीः **NORTH SOIL ENG (M) SDN BHD** शहरः **MALAYSIA**

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ | चलानी नं.: ६०१५२८५४ | LT. No.: 235135

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Constraction Worker | 50 | 0 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १८ गते (31 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851068774, 9851035867, 9849964370, Web.www.skymanpower.com
E-mail : skymanpower200@gmail.com, info@skymanpower.com
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४

**मलेसियामा रोजगार** | १. कम्पनी :**KSD MANAGEMENT (M) SDN BHD.** शहरः **MALAYSIA**

पूर्व स्वीकृत मितिः २०७६/११/०५ | चलानी नं.: ६०१५१८४७ | LT. No.: 232963 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Cleaner | 60 | 0 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी :**CHEK HUP SDN. BHD.** शहरः **MALAYSIA**

पूर्व स्वीकृत मितिः २०७६/११/०७ | चलानी नं.: ६०१५२०२८ | LT. No.: 232962 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Factory Workers | 3 | 5 | स. काममा दक्ष | 1200 | ३२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितुरमा चैत १६ गते (29 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५२३३६२, फ्याक्सः ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com
श्रम इजाजत नं ८१०/०६५/०६६

**मलेशियामा रोजगार** | कम्पनीः **RESTORAN SEONG HAI KEE** शहर : **JOHOR**

पूर्व स्वीकृत मितिः २०७६/१२/०७ | चलानी नं.: ६०१५३६४९ | L.T. No.: 235052

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Cook | 4 | 0 | स. काममा दक्ष | 1200 | ३२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत १६ गते (29 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**GRAND SUITE JOB PVT. LTD.**
Gaurighat, Kathmandu, Tel : 4491386, 4485223, Fax : 4497748
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np
श्रम इजाजत नं.: ८८०/०६७/०६८

# गौतमबुद्ध रंगशालाको निर्माण पनि रोकियो

मध्यान्ह संवाददाता
काठमाडौं, ८ चैत

विश्वव्यापी रुपमा त्रासको वातावरण सिर्जना गरेको कोरोना भाइरसका कारण चितवन भरपुरमा निर्माण भइरहेको गौतम बुद्ध अन्तर ाष्ट्रिय रंगशालाको काम पनि तत्कालका लागि स्थगित गरिएको छ । विश्व भर भैलिरहेको कोरोना भाइरस र त्यसको संक्रमणबाट जोगिनका लागि सरकारले गरेको निर्णयलाई मध्यनगर गर्दै निर्माण कार्य तत्कालका लागि रोक्ने फाउन्डेसनका अध्यक्ष सिताराम कट्टेल (धुर्मस) ले घोषणा गरेका छन् ।सामाजिक सञ्जालमा भिडियोमार्फत सन्देश दिने क्रममा माहौल सहज नहुँदा सम्मका लागि निर्माण कार्यल स्थगित गर्ने बताएका हुन् । रंगशालाको मैदानको काम झन्डै ८० प्रतिशत सम्पन्न भइसकेको उल्लेख गर्दै कट्टेलले भने, 'ड्रेनको सम्पूर्ण काम सकिएको छ । यो साताबाट पिलरको लागि डन्डीको काम गरिरहेका थियौं । तर यो विश्वमै परेको असरका कारण काम रोक्ने पर्ने अवस्था बनेको छ ।'





रंगशालामा निर्माणमा दैनिक २ सय ७० जना भन्दा काममा खटिएको र आउने साताबाट त्यति नै जनशक्ति थप्ने योजना रहे पनि अब तत्कालका लागि भने स्थगित गरेको कट्टेलले जनाए । अवस्था सहज हुने वित्तिकै पुनः निर्माणको कार्य सुरु हुने पनि उनले जनाएका छन् ।

गत वर्ष भरतपुर नगरपालिकासँग जग्गा सम्झौतामा लिएपछि रंगशालाको निर्माण काम अघि बढेको हो । रंगशाला निर्माणका लागि झन्डै ३ अर्ब रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

कट्टेलले कोराना भाइरसको सक्रमणबाट जोगिनका लागि सरकार र सम्बन्धित विषयका विज्ञहरुको सन्देशलाई पालना गर्न आग्रह गर्दै अनावश्यक हल्लाको पछाडि नलाग्न पनि सुझाव दिएका छन् ।

# आईपीएल रद्द भए घाटा व्यहोर्ने तीन खेलाडी




**काठमाडौं, एजेन्सी–** इन्डियन प्रिमियर लिग आईपीएल विश्वकै सर्वाधिक सफल र चर्चित फ्रेन्चाइज लिग हो । आईपीएल खेल्ने हरेक क्रिकेटरको सपना नै हुने गरेको छ । आईपीएलको बढ्दो लोकप्रियता र खेलाडीको आर्थिक स्थितिमा पनि ठूलो योगदान गरेकाले यसको लाभ लिन क्रिकेटरहरु आतुर हुन्छन् । आईपीएल अहिले १३ औं संस्करणको संघारमा छ । मार्च २९ तारिखदेखि प्रतियोगिताको मिति पनि तोकिएको थियो । तर दुर्भाग्य विश्वभर त्रासको वातावरण बनाएको कोरोना भाइरसका कारण अन्य खेलकुदका प्रतियोगिता जस्तै आईपीएल पनि स्थगित भएको छ । आईपीएल पहिलो चरणमा १५ अप्रिलसम्म स्थगित भए पछि त्यसपछि प्रतियोगिता हुने या नहुने एकिन भने छैन । आईपीएलका ८ फ्रेन्चाईज टिमले ठूलो रकम खेलाडी अनुबन्धमा खर्च गरेका छन् । कतिपय टिमले खेलाडीलाई दिनुपर्ने रकम भुक्तानी पनि गरिसकेकाले यो प्रतियोगिता नहुँदा खेलाडीलाई नै असर गर्ने छ । अर्थात खेलाडीहरुले उक्त रकम फिर्ता गर्नुपर्ने छ । यदि अहिलेको अवस्था कायमै रहेको खण्डमा आईपीएल आयोजना हुने सम्भावना कम छ । आईपीएलमा सर्वाधिक महँगोमा अनुबन्ध भएका तीन खेलाडीहरुलाई ठूलो घाटा लाग्ने भारतीय सञ्चारमाध्यमले खबर लेखेका छन् ।

**पेट कमिन्स**

अस्ट्रेलियाका पेट कमिन्टसलाई कोलकता नाइटराईडर्सले अनुबन्ध गरेको छ । यो सिजनका लागि उनी १५.५ करोड भारतीय रुपैयाँमा अनुबन्ध भएका हुन् । उनी सर्वाधिक महँगो विदेशी खेलाडी पनि हुन् । कमिन्स अहिले उत्कृष्ट फर्ममा रहेकाले आईपीएलमा उनको प्रदर्शन उच्च हुने अनुमानका साथ कोलकताले ठूलो रकम उनीमाथि दाउ लगाएको थियो । तर प्रतियोगिता भएन भने उक्त रकम उनले गुमाउने छन् ।

**विराट कोहली**

भारतीय राष्ट्रिय क्रिकेट टिमका कप्तान समेत रहेका विराट कोहली रोयल च्यालेन्जर्स बैंग्लोरबाट आईपीएल खेल्दै आएका छन् । बैंग्लोरका उनी कप्तान पनि हुन् । कोहली आईपीएलका महँगा खेलाडीमा पर्छन् । यो सिजनमा उनलाई बैंग्लोरले १७ करोड रुपैयाँ लगानी गरेको छ । तर, कोरोना भाइरसका कारण प्रतियोगिता स्थगित भएमा कोहलीले उक्त रकम गुमाउने छन् ।

**महेन्द्रसिंह धोनी**

महेन्द्रसिंह धोनी आईपीएलका स्टार खेलाडी हुन् । पूर्व भारतीय कप्तानसमेत रहेका धोनीको कप्तानीमा उनको टिम चेन्नाई सुपर किंग्सले उपाधि पनि जित्दै आएका छन् । इंग्ल्याण्ड विश्वकपछि टिम बाहिर रहेका धोनी आईपीएल पछि राष्ट्रिय टिममा फर्कने आँकलन गरिएको छ । प्रतियोगिता भएन भने यसमा पनि उनलाई घाटा नै हुने छ । साथै उनीमाथि टिमले गरेको १५ करोड रुपैयाँ पनि गुमाउनु पर्ने अवस्था आउने छ ।

# मिगौंला पीडित 'सेते'लाई सहयोग



**काठमाडौं, मस–** दुबै मिर्गौलामा समस्या आएपछि उपचाररत जयबहादुर तामाङ 'सेतेदाई' लाई आर्थिक सहयोग जुट्न थालेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुर मैदानमा ग्राउण्ड स्टाफको रुपमा कार्यरत तामाङ विरामी परेपछि वीर अस्पताल भर्ना भएका छन् । उनको परिवारले आर्थिक अवस्था कमजोर रहेकाले सहयोगको अपिल गरेको थियो । तामाङ विरामी परेको खबर सार्वजनिक भए पछि विभिन्न ठाउँबाट सहयोग जुट्न शुरु भएको हो । अहिलेसम्म नेपाली क्रिकेट समर्थक समाज चितवनले नगद सहयोग गरेको छ भने क्रिकेट प्लेयर्स एसोसियसन अफ नेपाल (सिप्यान) ले एक लाख ३३ हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ । तामाङलाई सिप्यानमा रहेका सबै सदस्यले रकम संकलन गरेर सहयोग गरेका हुन । जसमा सिप्यान सचिव राजु बस्न्यात, प्रशिक्षक जगत टमाटा र कप्तान ज्ञानेन्द्र मल्लले तामाङकी श्रीमतीलाई संयुक्त रुपमा रकम हस्तान्तरण गरे ।

यस्तै नेपाल क्रिकेट संघ क्यानका कोषाध्यक्ष रोशनकुमार सिंहले पनि तामाङलाई भेट गरेर उनको उपचारमा कुनै समस्या हुन नदिने विश्वास दिएका थिए । उनले ११ हजार १ सय ११ रुपैयाँ व्यक्तिगत सहयोग गर्ने घोषणा गरि सकेका छन् ।

# ब्याडमिन्टनको विश्व बरियतामा प्रिन्सको स्थान यथावत




**काठमाडौं, मस–** ब्याडमिन्टन खेलाडी प्रिन्स दाहालको विश्व बरियताको स्थान यथावत रहेको छ । विश्व ब्याडमिन्टन महासङ्घ (बीडब्लुएफ) ले जारी गरेको नयाँ बरियतामा पुरुष यू-१९ तर्फ प्रिन्स सातौँ स्थानमा कायमै छन् । यसअघिको बरियतामा प्रिन्स १०औँ स्थानमा थिए । प्रिन्सले प्राप्त गरेको बरियता विश्व जुनियर ब्याडमिन्टनतर्फ अहिलेसम्मकै उत्कृष्ट नतिजा हो । नेपाली खेलाडीले प्राप्त गरेको यही नै अहिलेसम्मकै सर्वाधिक सफलता हो । प्रिन्सले गत महिना सम्पन्न डच जुनियर इन्टरनेशनल तथा जर्मन जुनियर सिरिजमा प्रि–क्वाटरफाइनलसम्मको यात्रा तय गरेका थिए । डच जुनियर इन्टरनेशनलमा उनले खेलेका तीन खेलमा दुईमा जीत र एउटामा हार तथा जर्मन सिरिजमा चार खेलमा तीन जीत तथा एउटामा हार ब्येहोरेका थिए ।

यसअघि महासङ्घले गत पुस अन्तिम साता निकालेको विश्व बरियतामा उनी ११औँ स्थानमा, पुस दोस्रो साता १४औँ स्थानमा तथा मङ्सिरमा ३२औँ स्थानमा थिए । विश्व जुनियर ब्याडमिन्टनमा नेपालबाट विश्व बरियताको शीर्ष १० मा पुग्ने प्रिन्स पहिलो नेपाली खेलाडी बनेका छन् । दार्चुला सदरमुकाम खलङ्गा घर भएका १६ वर्षीय प्रिन्स हाल ललितपुरको जाउलाखेलीस्थित डाँफे इङ्ग्लिस बोर्डिङ स्कूलमा नौ कक्षामा अध्ययनरत छन् । हालसम्म उनी कुनै पनि विभागिय टोलीमा आबद्ध छैनन् । प्रिन्सले सुदूरपश्चिम प्रदेशबाट खेल्ने गरेका छन् । विश्व ब्याडमिन्टन महासङ्घले प्रत्येक साता सिनियरतर्फ तथा यु-१९ जुनियर खेलाडीको बरियता निर्धारण गर्ने गर्छ । विश्व जुनियरतर्फको बरियताको शीर्ष स्थानमा फ्रान्सका क्रिस्टो पोपोभ पनि यथावत छन् । दोस्रो स्थानमा भारतका मिराव लुवाङ, मलेसियाका कोक जिङ होङ तेस्रो, भारतका बरुण कपुर चौथो, डेनमार्कका म्याड्स जुवेल मोलर पाँचौँ तथा फिनल्यान्डका जोआकिम वल्डरफ छैटौँ स्थानमा यथावत नै रहेका छन् ।

# क्रिकेट रंगशालालाई आर्थिक सहयोग




**चितवन/मस-** भरतपुर महानगरपालिका वडा नम्बर १६ स्थित रामपुरमा निर्माणाधिन गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशालालाई १ लाख ६१ हजारको चेक हस्तान्तरण गरिएको छ ।

अमेरिका निवासी सागर श्रेष्ठको समन्वयमा संकलित रकम शनिबार नेपाल चलचित्र कलाकार संघ मार्फत धुर्मुस सुन्तली फाउण्डेशनका अध्यक्ष सिताराम कट्टेललाई हस्तान्तरण गरिएको हो । उक्त रकम नेपाली एशोशिसयन अफ नर्दन क्यालिफोर्निया, सन्नी सगरमाथा समाज सन्नी भ्याली, क्रियटिभ नेपाल युथ अर्गनाइजेशनको संयुक्त पहलमा रकम सँकलन गरिएको थियो ।

हस्तान्तरण कार्यक्रममा संघका अध्यक्ष रविन्द्र खड्काले राष्ट्रिय गौरवको यस आयोजनालाई कलाकार संघ मार्फत चेक रकम हस्तान्तरण गर्न पाउँदा खुशी भएको बताए । रंगशाला निर्माणमा हरेक नागरिकको उत्तिकै दायित्व रहेको भन्दै खड्काले आगामी दिनमा पनि संघले सहयोग गर्ने प्रतिबद्धता जनाए ।

संघका उपाध्यक्ष एवं प्रवक्ता मोहन निरौलाले राज्यले गर्ने यो आयोजना एउटा कलाकारको अभियानमा निर्माण भइरहेको भन्दै यस अभियानले आम कलाकारको शिर उँचो बनाएको बताए । यसअघि सागर श्रेष्ठकै पहलमा नेपाल चलचित्र कलाकारसंघ मार्फत ६ लाख ६६ हजार ६सय ६६ रुपैयाँ सहयोग भईसकेको छ ।

# खेलाडीको लागि डाक्टरको व्यवस्था




**काठमाडौं, मस–** नेपाल ओलम्पिक कमिटि (एनओसी) ले विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) लाई मध्यनजर गर्दै खेलाडीलाई लक्षित गर्दै विशेषज्ञ डाक्टरहरुको प्यानल समेत गठन गरेको छ ।

सातदोबाटोस्थित ओलम्पिक भवनमा भएको कार्यक्रममा अनुभवी डाक्टरहरुले कोरोना लाग्न नदिनको लागि सुरक्षा उपायबारे प्रकाश पारेका थिए ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण डिभिजनका पुर्व निर्देशक तथा नेपाल स्वास्थ्य सेवा विभाग अन्तरगतका डाक्टर बाबुराम मरासिनी, एनओसीका प्रमुख चिकित्सक डाक्टर सरोजकृष्ण श्रेष्ठ, पाटन अस्पतालका प्रोफेसर डक्टर नविस मान सिंह प्रधान, राखेपबाट डाक्टर राजु डंगोल, डाक्टर हेमन्त चन्द र नेपाल पुलिसको तर्फबाट डाक्टर पुनम पाठकको विशेषज्ञ डाक्टरको प्यानलले कोरोना भाइरस र रोकथामको उपायहरुको बारेमा व्याख्या गरेका थिए ।

एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठले खेलाडीको स्वास्थ्यलाई ध्यानमा राख्दै एनओसीले डाक्टरको प्यानल बनाएको र यसबाट डोपिङबाट पनि बच्न सक्ने बताएको छ । यो डाक्टर प्यानलबाट खेलाडीहरुमा कुनै समस्या आएमा उनीहरुलाई सहयोग गर्न हर समय उपलब्ध हुने बताएका छन् । एक दिने सचेनात्मक कार्यक्रममा एनओसीका अध्यक्ष तथा सांसद श्रेष्ठ, उपाध्यक्ष चतुरानन्द राज वैद्य र महासचिव निलेन्द्रराज श्रेष्ठसँगै टोकियो ओलम्पिकलाई वाइल्ड कार्डको लागि प्रयास गरिरहेको २२ जनाको उपस्थिति रहेको थियो ।

एनओसीले यसपटका टोकियो ओलम्पिकमा विभिन्न खेलमा १५ खेलाडीलाई वाइल्ड कार्ड र र ७ पदाधिकारी पठाउने तयारी गरेको छ । पौडीबाट दुई र म्याराथनबाट १ खेलाडीले सहभागिता जनाउने पक्का भइसक्दा कराँते, आर्चरी, सुटिङ, बक्सिङ, तेक्वान्दो, भारोत्तोलन र जुडोबाट खेलाडीको नाम वाइल्ड कार्डको लागि पठाइसकेको छ ।

टोकियो ओलम्पिक जापानमा २४ जुलाईदेखि ९ अगस्टसम्म आयोजना हुने तय छ । टोकियो ओलम्पिकमा ३३ खेल समावेश गर्ने तय भइसकेको छ । जसका लागि २०६ देशका ११ हजार ९१ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

# हिगुइन अर्जेन्टिना फर्किए

**काठमाडौं, एजेन्सी-** युभेन्ट्सका फरवार्ड गोन्जालो हिगुइन इटालीबाट स्वदेश अर्जेन्टिना फर्केका छन् । क्लबको अनुमति पाएपछि उनी स्वदेश फर्केको बताइएको छ । कोरोना भाइरस अत्याधिक प्रभावित देशमध्ये इटाली एक हो ।

क्लबका डानिले रुगानी र ब्लेस मातुइडीमा कोरोना भाइरस संक्रमण पोजेटिभ पाइएपछि क्लबले सबै खेलाडीलाई विशेष निगरानीका साथ होटलमा राखेका थियो । जसमा हिगुइन पनि थिए । आमा बिरामी भएका कारण हिगुइन स्वदेश फर्केको बताइएको छ । उनी फ्रान्स, स्पेनहुँदै अर्जेन्टिना गएका हुन् ।

अब उनी १४ दिन व्यक्तिगत रुपमा आइसोलेसनमा बस्ने बताइएको छ । टुरिन छाडेर स्वदेश फर्कनेमा भने हिगुइन एक मात्र खेलाडी हैनन् । सामी खेडिरा, मिरालिम प्यानिचले पनि इटाली छाडेका छन् । बिरामी आमालाई भेट्नका लागि क्लबका सुपर स्टार क्रिस्टियानो रोनाल्डो दुई साता अघि नै पोर्चुगल पुगेका थिए ।


## कम्पनीको नाम ठेगाना परिवर्तनको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/१२/०९

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौको मिति २०७६/११/१८ को च.नं. ३८०९३ को पत्रानुसार काठमाण्डौ जिल्ला का.म न.पा. वडा नं. ८ स्थित **डेन्टो लभ प्रा.लि.(प्रा.द.नं.२०३८९१)** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/११/१५ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **स्माईल मोडल डेन्टल केयर प्रा.लि.** र यस प्रा.लि.को ठेगाना परिवर्तन गरि ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. ७ कायम गरिएको हुँदा सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Saudi Arabia मा रोजगार | Ajad International Trading Company

पुर्व स्वीकृती मितिः २०७६/१२/३ | चलानी नं. ६०१५३५७० | LT No.: 234871

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| १. | Restaurant Worker | 1 | काममा दक्ष | 1400 | ४४,५८३/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |
| २. | Coffee and Tea Maker | 2 | | 1500 | ४७,७६७/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | निःशुल्क |

अन्तरवार्ता २०७६ चैत्र १६ गते (29 March) यस प्रा. लि. को कार्यालय, महाराजगंज काठमाडौंमा हुनेछ

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Govt Lic.: 1181/073/74
**AL-KARIM HUMAN RESOURCES PVT. LTD.**
Maharajgunj, Chakrapath, Kathmandu Tel.:01-4421108, 4421056

## जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५४५६८३, ५५४५५३९, फ्याक्सः ५५४५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. [illegible]

## वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

**Pasa INTERNATIONAL PVT. LTD.**
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## मलेसियामा रोजगार | कम्पनी : INFINITY RC BUILDER SDN BHD

शहरः KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ | चलानी नं.: ६०१५३६५१ | L.T. No.: 235117

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Construction Worker | 60 | 0 | स. काममा दक्ष | 1200 | ३२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा चैत १६ (29 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

MasterJob Pvt. Ltd.
श्रम ईजाजत नं.: ८२७/०६६/०६७
**मास्टर जब प्रा. लि.**
तिलगंगा, एयरपोर्ट, काठमाडौं, नेपाल, फोनः ४११२५९२
Mob.: 9801622563, 9804695947, 9841701031, 9801099339

कोरोना कहर

# ३ दिनमा ४ लाखले छाडे काठमाडौं

मध्यान्ह संवाददाता
काठमाडौं, ८ चैत



विश्वभर कोरोना भाईरस (कोभिड-१९) को कहर बढिरहेको अवस्थामा यसको असर नेपाली समाजमा पनि परेको छ। पछिल्लो डेढ महिनादेखि बढिरहेको त्रासका कारण पछिल्लो समय नेपाली समाजमा यसको असर परेको हो। यसैको त्रासका कारण काठमाडौं छोडेर बाहिरिनेको सङ्ख्या पनि दिनानुदिन बढ्दो छ। पछिल्लो ३ दिनमा मात्रै ४ लाख बढीले काठमाडौं छोडिसकेको महानगरिय ट्राफिक प्रहरी महाशाखाका बरिष्ठ उपरिक्षक (एसपी) जिवन कुमार श्रेष्ठले जानकारी दिए।

उनका अनुसार बिहीबार अघि दैनिक ९०- ९५ आउने जाने भईरहेको भएपनि बिहिबार एकै दिन भने १ लाख ८ हजार जनाले काठमाडौं छाडेका थिए। यस्तै शुक्रबार १ लाख २० हजार जनाले काठमाडौं छोडेको उनको भनाई छ।

मानिसहरुले काठमाडौं कोरोनाका त्रासकै कारण मात्रै नभएर सरकारले गरेका विभिन्न निर्णयहरुका कारण पनि उपत्यका छोडिरहेको एसपी श्रेष्ठले बताए। उनका अनुसार शनिबार दिउँसो बजेसम्म मात्रै १ लाख ३१ हजारले काठमाडौं छोडेका छन।

उनले तिन दिनमा मात्रै करिव ४ लाख बढिले काठमाडौं छोडेका कारण काठमाडौंका सडकहरु समेत खालीजस्तै भएको बताएका छन।

तिन दिनमा मात्रै करिव ४ लाख बढिले काठमाडौं छोडेका कारण काठमाडौंका सडकहरु समेत खालीजस्तै भएको बताएका छन।

'संधैजसो १ किलोमिटरस्मम जाम हुने काठमाडौंका केही चोकहरुमा हाल गाडीको चाप ८० प्रतिशत बढिले घटेका छन,' उनले भने, 'हाल कार्यालय समयमा समेत सवारी जामको कुनै समस्या भोग्नु नपरेका सवारीचालकहरुले समेत बताईरहेका छन।'

गत जनवरी तारिखका दिन चीनको हुवेई प्रान्तको वुहान सहरबाट सुरु भएको उक्त भाईरसले विश्व अर्थतन्त्रमा समेत नकारात्मक असर परेको छ। कोरोना भाईरसको आधिकारिक अपडेट दिने पोर्टल वर्ल्डोमिटरका अनुसार शनिबार साँझ ७ बजेसम्म २ लाख ८५ हजार ७ सय ६ जना संक्रमित छन भने ११ हजार ८ सय ७६ जनाको ज्यान गईसकेको छ। यस्तै विभिन्न १८६ ओटा देशमा फैलिसकेको छ। नेपालमा पनि १ जनामा देखिएको भनिएको उक्त संक्रमण पुष्टी भने भईसकेको छैन। तर नेपाली अर्थतन्त्रमा समेत ठुलो असर परेको विज्ञहरुको भनाई छ। पछिल्लो समय नेपाली आयात बजारमा र निर्यात बजारमा ठुलो असर परेको छ भने सामान्य व्यापार समेत खस्किएको छ। यसबाट सबैभन्दा ठुलो असर भने होटल तथा पर्यटन क्षेत्रमा परेको सरोकारवालाहरुको भनाई छ।

यातायात व्यवसायी राष्ट्रिय महासंघमा महासचिव सरोज सिटौलाले भने यात्रुलाई टिकट नपाउने अवस्था सिर्जना हुन नदिने बताएका छन। सरकारले भोलीदेखि लामो रुटका सबै सार्वजनिक सवारीसाधनहरु बन्द गर्ने निर्णय गरेको छ। साथै सोही समस्यालाई हेरेर सबै सेवाग्राहीलाई टिकट दिने तर ढिलो चाँडो हुने उनको भनाई थियो।

उनले यात्रुलाई भने संयमित भएर गन्तव्यमा जान नआत्तिन समेत आग्रह गरेका छन।

# तल्लो साञ्जेनको सुरुङ 'ब्रेक थ्रु'



**काठमाडौं/मस**-चिलिमको हालकै प्रसारण लाइनमार्फत नौ मेगावाट विद्युत् जोड्ने तयारी गरिएको थियो। यस्तै कूल ४२ दशमलव पाँच मेगावाट क्षमताको तल्लो साञ्जेनको शुक्रबार मात्रै सुरुङ निर्माण कार्य सम्पन्न भएको छ। आयोजनाको कूल तीन हजार ६७३ मिटर लामो मुख्य सुरुङ शुक्रबार निर्माण सम्पन्न भएको प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले जानकारी दिए।

आज शनिबार सुरुङ निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि साञ्जेन खोलाको पानी व्यवस्थापन गरेर शुक्रबार नै सुरुङ 'ब्रेक थ्रु' गरिएको आयोजनाले जनाएको छ। आयोजनाको प्रमुख र महत्वपूर्ण मानिएको सुरुङ निर्माण कार्य सम्पन्न भए पनि अब सुरुङको ढलान तथा मर्मतको काम अगाडि बढाइनेछ। सो कार्यका लागि कम्तीमा आठ महिना समय लाग्नेछ। हाल आयोजनाको भौतिक निर्माण झण्डै ७८ प्रतिशतको हाराहारीमा पुगेको छ।

यस्तै आयोजनाको बाँध क्षेत्रको भौतिक निर्माण यसअघि नै सम्पन्न भएको छ। हाल विद्युत् गृह निर्माण तथा टेलरेस सुरुङमा पाइप जडानलगायतका काम भने जारी छ। कोरोनाका कारण ठेकेदार कम्पनीका प्राविधिक, कर्मचारी र केही उपकरण चीनमा नै रहेका कारण आयोजनाको काम प्रभावित भएको छ।

तल्लो साञ्जेनबाट आगामी कात्तिकदेखि विद्युत् उत्पादन शुरु गर्ने लक्ष्य राखिएको छ। ती दुवै आयोजना सरकारले अगाडि सारेको जनताको जलविद्युत् कार्यक्रममा समावेश गरिएका आयोजना हुन्। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले शुरु गर्नुभएको सो कार्यक्रमले जलविद्युत्मा आन्तरिक लगानी प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

# व्यवसायीलाई भाडामा ५० प्रतिशत छुट




**काठमाडौं/मस**- कोरोना भाइरस (कोभिड-१९) बाट व्यापार व्यवसाय प्रभावित बनेपछि पोखराको एक व्यापारिक मलले व्यवसायीलाई राहत दिन भाडामा ५० प्रतिशत छुट दिने घोषणा गरेको छ।

पोखराको मुख्य व्यापारिक केन्द्र चिप्लेढुङ्गामा अवस्थित पोखरा ट्रेड मल एण्ड हाउजिङ् प्रालिले मलमा रहेका ५०३ सटरमा सञ्चालित २५२ व्यापारिक प्रतिष्ठानलाई चैत महिनाको भाडामा आधा छुट दिने भएको हो। विसं २०७२ असोज २४ गतेदेखि सञ्चालनमा आएको सो मलले कोरोनाका कारणले व्यापार व्यवसाय चौपट भएको परिस्थितिलाई मध्यनजर गरी मलभित्रका व्यवसायीलाई केही मात्रामा भए पनि राहत दिनका लागि भाडामा छुट दिने निर्णय गरिएको गण्डकी प्रदेशसभा सदस्यसमेत रहेका मलका अध्यक्ष विन्दुकुमार थापाले बताईन।

मलले सो निर्णयबाट व्यवसायीलाई २५ लाख रुपैयाँ भाडामा छुट हुने जनाएको छ। कोरोनाको त्रास लम्बिएको अवस्थामा छुट दिने योजनालाई निरन्तरता दिइने अध्यक्ष थापाले बताए। 'व्यवसायमा नाफा मात्र जोडिदैन, सेवाको भावना पनि जोडिएको हुन्छ, विषम परिस्थितिका कारणले व्यवसायी मर्कामा परेका कारणले व्यवसायीबाटै सञ्चालित संस्था भएकाले भाडामा छुट दिएर राहत प्रदान गर्ने निर्णण गरेका हौँ', अध्यक्ष थापाले भने।

देशभरका उद्योग, व्यवसाय तथा व्यापारिक प्रतिष्ठान कोरोनाका कारणबाट व्यवसाय खस्किरहेको विषम परिस्थितिमा बैंक तथा वित्तीय संस्थाले समेत ब्याजदरमा कम्तीमा ५० प्रतिशत घटाउने व्यवस्था मिलाउनसमेत मलले माग गरेको छ। कोरोनाबाट सहजगता अपनाउन मलभित्र प्रवेश गर्ने ग्राहक, शुभेच्छुक, व्यवसायी तथा कर्मचारीलाई स्यानिटाइजर प्रयोग गर्न लगाइएको तथा मलको प्रवेशद्वारमा स्वास्थ्य सहायताकक्ष स्थापना गरी ग्राहकको शरीरको तापक्रम परीक्षण गरेर सही अवस्थाको जानकारी दिने गरिएको प्रबन्ध निर्देशक मीनराज काफ्लेले बताए। सरकारको अनुरोधबमोजिम मलभित्र सञ्चालनमा रहेको सिनेमा हल तथा जिम हल अनिश्चितकालका लागि बन्द गरिएको बताइन्छ।

# हप्ताभरी आठ अर्बको कारोबार



**काठमाडौं/मस**- कोरोना भाइरसको त्रासले शेयर बजारसमेत प्रभावित भएको छ। सोही कारण नेप्सेमा चरम उतारचढावसमेत देखा परेका छन्। गत साता लगानीकर्तामा पनि एक प्रकारको नकारात्मक अवस्था देखा पऱ्यो।

नेपाल स्टक एक्सचेञ्जका अनुसार साताभर कूल १७४ कम्पनीका कूल दुई करोड २७ लाख १९ हजार १२२ कित्ता शेयर रु आठ करोड २६ लाख ९५ लाख दुई हजार ७११ बराबरको कारोवार भयो।

साताको पहिलो दिन नेप्से परिसूचकमा भारी गिरावट देखा पऱ्यो। शेयर कारोवारमा सहजता ल्याउन भन्दै नेपाल धितोपत्र बोर्डको निर्देशनमा नेपाल स्टक एक्सचेञ्जले कारोवार समय थप गरेर ४ बजेसम्म पुऱ्याएको भए पनि बजारमा उत्साह देखिन सकेन। त्यस दिन नेप्से परिसूचक ६४.१४ अङ्कले घटेर एक हजार ३१३.०४ मा पुग्यो। कूल १७४ कम्पनीका ५५ लाख ७० हजार ३० कित्ता शेयर रु दुई अर्ब १० करोड १४ लाख १७ हजार २९२ मा खरिद बिक्री भए।

सोमबार नेप्से परिसूचक झिनो अङ्कले वृद्धि भयो। त्यस दिन नेप्से ३.३५ ले वृद्धि भई एक हजार ३१६.३९ मा पुग्यो। कूल १६० कम्पनीको ४१ लाख ९१ हजार ४१५ कित्ता शेयर रु एक अर्ब ६१ करोड ५३ लाख ४१ हजार ८७७ मूल्यमा खरिद बिक्री भए।

मङ्गलबार नेप्से परिसूचक भारी अङ्कले ओरालो लाग्यो। त्यस दिन नेप्से परिसूचक ४४.३३ अङ्कले घटेर एक हजार २७२.०६ मा पुग्यो। घटेको बजारमा कारोवार रकम भने झण्डै डेढ अर्ब बराबर भएको छ। कूल १७५ कम्पनीको ४३ लाख ६७ हजार ७७५ कित्ता शेयर रु एक अर्ब ४६ करोड ५१ लाख ८४ हजार ६५६ मूल्यमा खरिद बिक्री भए।

बुधबार पनि नेप्से परिसूचक ओरालो लाग्नेक्रम रोकिएन। त्यसदिन नेप्सेमा १६.२६ अङ्कले गिरावट भयो। आज कूल १७२ कम्पनीको ३४ लाख ८३ हजार २२१ कित्ता शेयर रु एक अर्ब १८ करोड ४४ लाख १६ हजार ८७८ मा खरिद बिक्री भए।

साताको अन्तिम दिन बिहीबार नेप्सेमा सामान्य सुधार देखापऱ्यो। त्यस दिन नेप्सेमा १३.५० ले वृद्धि भई एक हजार २६९.३० मा पुग्यो। नेप्सेको उकालो यात्रासँगै कारोवार रकमसमेत बढेर झण्डै रु दुई अर्बको हाराहारीमा पुग्यो। कूल १७३ कम्पनीको ५१ लाख छ हजार ६८१ कित्ता शेयर रु एक अर्ब ९० करोड ३१ लाख ४२ हजार आठ बराबरको कारोवार भयो।

**चार कम्पनीको शेयर सूचीकृत**

साताभर बजारमा विभिन्न चार कम्पनीका कूल ६९ लाख २४ हजार ३१२ कित्ता शेयर सूचीकृत भए। त्यसमा कृषि विकास बैंकको कूल ५४ लाख नौ हजार ३१७ कित्ता शेयर लाभांश, गणपति माइक्रोफाइनान्सको ७२ हजार ४५० कित्ता शेयर लाभांश, आइसिएफसी फाइनान्सको चार लाख ४३ हजार २९६ कित्ता शेयर लाभांश र आरएमडिसी लघुवित्तको कूल नौ लाख ९९ हजार २४८ कित्ता शेयर लाभांश सूचीकृत भएको छ।

# व्यावसायिक करमा पचास प्रतिशत छुट

**काठमाडौं/मस**-कोभिड-१९ को जोखिमको असर व्यवसायमा असर परेपछि तनहुँको बन्दीपुर गाउँपालिकाले व्यावसायिक करमा पचास प्रतिशत छुट दिने निर्णय गरेको छ। व्यापार व्यवसाय ठप्प भएपछि गाउँपालिकाले चालु आर्थिक वर्ष ०७६/७७ का लागि सो छुट दिने निर्णय गरेको हो।

गाउँपालिकाले गरेको सो निर्णयको व्यवसायीले खुशी व्यक्त गरेका छन्। गाउँपालिकाको निर्णय स्वागतयोग्य रहेको तनहुँ उद्योग वाणिज्य सङ्घ बन्दीपुरका अध्यक्ष वैश गुरुङले बताए। 'व्यवसायीको पीर मर्का बुझेर गाउँपालिकाले गरेको निर्णयले व्यवसायीलाई राहत पुग्नेछ,' उनले भने। बन्दीपुर यतिबेला पर्यटकीय चहलपहल हुने मौसम रहे पनि सो भाइरसको कारण पर्यटक नआएपछि बन्दीपुरको पर्यटन व्यवसाय प्रभावित बनेको अध्यक्ष गुरुङले बताए।

व्यापार व्यवसाय नहुँदा व्यवसायीलाई कर लगायतका ऋण तिर्न पनि समस्या हुने अवस्था आइपरेको बन्दीपुर पर्यटन विकास समितिका सचिव एवं होटल व्यवसायी वसन्त पौडेलले जानकारी दिए। 'ऋण गरेर व्यवसाय शुरु गर्ने व्यवसायीलाई कोभिड-१९ का कारण ब्याज तिर्न पनि मुस्किल हुने अवस्था आइपरेको छ,' उनले भने, 'गाउँपालिकाले व्यावसायिक करमा छुट गर्ने निर्णयले केही भए पनि राहत दिनेछ।'

व्यवसायीलाई हतोत्साही हुन नदिन व्यावसायिक करमा छुट दिने निर्णय गरिएको बन्दीपुर गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले जानकारी दिईन। गाउँपालिकाले वित्तीय सङ्घसंस्थालाई ब्याजदर कम गर्न तथा घरधनीहरुलाई घरभाडा शुल्कमा सहुलियत दिनसमेत अनुरोध गरेको उनले बताईन।

**बन्दीपुरमा पर्यटन गतिविधि ठप्प**

सो भाइरसले पर्यटकीय नगरी बन्दीपुर प्रभावित बनाएको छ। विदेशी र स्वदेशी पर्यटकको बाक्लो उपस्थिति रहने बन्दीपुरमा यतिबेला पर्यटकको चहलपहल ठप्प छ। अहिले दैनिक एक सय पर्यटक छन्। यो मौसममा पाँच सयभन्दा बढी पर्यटक बन्दीपुरमा भित्रिएको हुनुपर्दथ्यो। 'कोभिड-१९ को प्रभावले सत्तरी प्रतिशत पर्यटक घटेका छन्', सचिव पौडेलले भने, 'विदेशी पर्यटक त फाट्फुट मात्रै देखिन्छन्।' बन्दीपुरमा अमेरिका, थाइल्यान्ड, भारत, कोरिया र युरोपियन मुलुकका धेरै पर्यटक आउने गरेका थिए। गत वर्ष एक लाख २० हजार पर्यटकले त्यहाको भ्रमण गरेका थिए। नेपाल भ्रमण वर्ष २०२० मा दुई लाख ५० हजार पर्यटक भित्र्याउने लक्ष्य राखिएको थियो। यद्यपि नेपाल भ्रमण वर्ष २०२० सरकारले स्थगित गरिसकेको छ।

हिमालय दरबार होटलका सञ्चालक वैश गुरुङले कोरोना भाइरसको प्रभावका कारण होटल व्यवसायी मारमा परेको बताए। 'पर्यटक छैनन्, व्यवसाय सञ्चालनमा समस्या भएको छ', उनले भने। बन्दीपुरमा होटलमा मात्रै नभई घरबासमा पनि पर्यटक घटेको व्यवसायी बताउँछन्। घरबास सञ्चालक राजु बानियाँले कोरोना भाइरसको प्रभावका कारण पर्यटक नआउँदा बन्दीपुर सुनसान जस्तै बनेको जानकारी दिए। बन्दीपुरमा ९/१० वटा होटल निर्माणाधीन अवस्थामा रहेका छन्। बन्दीपुरमा हाल हिमालय दरबार, ग्रिनपार्क, फेवा, गाउँ घर, वर्ल्ड इन, बन्दीपुर प्यालेस, मगर भिजेललगायत सानाठूला गरी ५७ होटल तथा २२ वटा घरबास 'होमस्टे' सञ्चालनमा छ। ती सबै होटलमा एकै पटक एक हजार तीन सयदेखि एक हजार चार सय पर्यटकले रात बिताउन सक्नेछन्।

# नुवाकोट र काभ्रेपलाञ्चोकका यात्रुलाई निःशुल्क बस सेवा

**काठमाडौं/मस**- विश्वव्यापीरूपमा फैलँदै गएको कोरोना भाइरस (कोभिड-१९)को सङ्क्रमणलाई मध्यनजर गर्दै नुवाकोट र काभ्रेपलाञ्चोक जाने यात्रुलाई निःशुल्क बससेवा सञ्चालन गरिने भएको छ। ग्रेटफुल टुर्स एण्ड ट्रान्सपोर्ट प्रालिले नुवाकोटको त्रिशूली र काभ्रेपलाञ्चोकको दोलालघाटसम्म जानका लागि आइतबारदेखि चार बस सञ्चालन गर्न लागेको हो। तीमध्ये दुई काभ्रेपलाञ्चोक र दुई नुवाकोट जानेछन्।

ट्रान्सपोर्टका प्रबन्ध निर्देशक रमेश गौतमले सवारी साधन नपाएर नुवाकोट र काभ्रेपलाञ्चोक जान रोकिएका यात्रुलाई मध्यनजर गरेर निःशुल्क बस सञ्चालन गर्न लागेको जानकारी दिए। 'आइतबारदेखि सञ्चालन हुने बससेवा यात्रुको सङ्ख्यामा वृद्धि भएर विस्तारै बढाउँदै लान्छौँ', उनले भने। देशलाई दुःख परेका बेला आफूले सहयोग गर्न लागेको प्रबन्ध निर्देशक गौतमको भनाइ थियो।

विश्वमा फैलिएको कोभिड-१९को सङ्क्रमण नेपालमा फैलन नदिन सरकारले यही चैत १० गतेदेखि लामो दूरीमा चल्ने सार्वजनिक सवारी साधन आवतजावतमा रोक लगाउने निर्णयसमेत गरिसकेको छ।

# पर्यटन मन्त्रीद्वारा विमानस्थलमा स्वास्थ्य परीक्षणको अनुगमन



**काठमाडौं/मस**- संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री योगेशकुमार भट्टराईले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा स्वास्थ्य परीक्षण कक्षको अनुगमन गरेका छन्।

शनिबार उनले विमानस्थलमा कोभिड-१९ को सङ्क्रमणको जोखिमलाई मध्यनजर गरी राखिएको स्वास्थ्य परीक्षण कक्षको अनुगमन गरेका हुन। चीनमा कोरोना भाइरसको सङ्क्रमण देखिएपछि विभानस्थलमा विदेशबाट आउने यात्रुलाई कोभिड-१९ को स्वास्थ्य जाँच गरिरहेको छ। कोभिड-१९ को शङ्का लागेमा सरकारले १४ दिनसम्म क्वारेन्टाइनमा राख्ने गर्दछ। विमानस्थलमा घरेलु र अन्तरराष्ट्रिय गरी चार ठाउँमा आउने जाने यात्रुको स्वास्थ्य परीक्षण भइरहेको छ।


## उपभोक्ताहरूमा अनुरोध

१. उपभोग्य वस्तु खरिद गर्नुअघि अनिवार्यरूपमा वस्तुको मूल्य, उत्पादकको नाम एवं ठेगाना, तौल, उत्पादन मिति र उपभोग गर्न सकिने अन्तिम मिति हेर्ने गरौं।
२. उत्पादन मिति, उपभोग गर्न सकिने अन्तिम मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु वा सामान खरिद नगरौं।
३. वस्तु वा सामान खरिद गर्दा अनिवार्यरूपमा बिल लिने गरौं।
४. अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविकरूपमा बढी मूल्य लिई वा कम तौलका वस्तु विक्री गर्नु गैर कानूनी कार्य हो।
५. उपभोग्य वस्तुमा त्यस्ता त्रुटीहरू भेटिए पैसा नलाग्ने नम्बर ११३७ मा फोन गरी वा Consumer App मार्फत गुनासो गर्न सकिन्छ

"सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरु
• कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
• टोनर कार्टेज रिफिल,
• CCTV, EPABX बिक्रि तथा मर्मत,
• कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको वार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९८७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन, जनतापाटी संगै...
जनतापाटी
www.janatapati.com


प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ